# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ७, अङ्क ३२, पूर्णाङ्क ३०२ | २०७८ फागुन १८ गते बुधबार | Wednesday, 2 Mar 2022 | www.eratokhabar.com | मूल्य रु. १०


## सहिद सप्ताह २०७८ सुरु, नेकपाले विभिन्न कार्यक्रम गरी मनाउँदै

फागुन १४ गतेदेखि सहिद सप्ताह २०७८ सुरु भएको छ। नेकपाले यस वर्ष पनि सहिद परिवारलाई सम्मानलगायत विभिन्न रचनात्मक कार्यक्रम गरी अभियानकै रूपमा सहिद सप्ताह मनाइरहेको छ।

महान् जनयुद्धमा स्थापित भएको जनपर्व सहिद सप्ताह हरेक वर्षभैँ यस वर्ष पनि महान् सहिदहरूको स्मरण र सम्मानमा विविध कार्यक्रमका साथ मनाइने नेकपा केन्द्रीय कार्यालयले जनाएको छ।

विगत २ वर्षसम्म तत्कालीन केपी वली-पुष्कमल दाहाल गठबन्धन सरकारले नेकपामाथि प्रतिबन्ध लगाएकाले प्रतिबन्धकै बीच अभियानका ... बाँकी पृष्ठ ७ मा

# राष्ट्रघाती एमसीसी नेपाली जनतालाई स्वीकार्य छैन, राष्ट्रियताको लडाइँ निरन्तर जारी छ : विप्लव



■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध आह्वान गरिएको नेपाल बन्द ऐतिहासिक रूपमा सफल भएको भन्दै बन्द सफल पार्न सहयोग गर्ने सबै देशभक्त जनता र क्रान्तिकारी जनसमुदायलाई विशेष धन्यवाद दिएका छन्। सोमबार साँझ 'बन्द सफलका लागि धन्यवाद प्रेस वक्तव्य' जारी गर्दै महासचिव विप्लवले एमसीसीलगायत संसद्वादी दलहरूका राष्ट्रघाती कदमका विरुद्ध राष्ट्रियताको लडाइँ जारी रहेको र त्यसको नेतृत्व नेकपालगायत ... बाँकी पृष्ठ ७ मा

## संसद् भवनअगाडि कुकर बम भेटियो !

**काठमाडौं।** संसद्वादी दलहरूले आइतबार जुन थलोबाट निर्लज्जतापूर्वक राष्ट्रघाती एमसीसी पारित गरेका थिए, त्यसको भोलिपल्टै त्यहाँ कुकुर बम फेलापरेको समाचार सनसनीपूर्ण बनेको छ। १५ गते संसद्बाट एमसीसी पारित गरिएपछि त्यसको विरोधमा सङ्घर्षमा होमिएका राजनीतिक दलले १६ गतेका लागि आह्वान गरेको नेपाल बन्दका क्रममा काठमाडौं संसद् भवनअगाडि कुकुर बम फेलापरेको विषय सनसनीपूर्ण बनेको हो। एमसीसी पारित ... बाँकी पृष्ठ ७ मा

## नेपाल बन्दमा गिरफ्तार युवा नेतालाई अझै हिरासतमा यातना

**काठमाडौं ।** संसद्वादी दलहरूले १५ गते आइतबार राष्ट्रघाती एमसीसी संसद्बाट पारित गरेको विरोधमा ६ दलले घोषणा गरेको सोमबारको नेपाल बन्दमा गिरफ्तार युवा नेताहरु रवि गोले र हिम्मत विकलाई प्रहरीले हिरासतमा राखेर यातना दिइरहेको पाइएको छ।

युवा सङ्गठनका नेता रवि गोलेलाई काठमाडौंको बौद्ध प्रहरीचौकीमा र हिम्मत विकलाई गौशाला प्रहरीचौकीमा राखेर निरन्तर भौतिक यातना दिइएको र पत्रकार, परिवारका सदस्य कसैलाई पनि भेट्न नदिइएको भन्दै सङ्गठनले आक्रोश व्यक्त गरेको छ। सङ्गठनले दुवै नेतालाई अविलम्ब रिहा गर्न र अन्यथा सङ्घर्षको सामना गर्न पनि चेतावनी दिएको छ।

## राष्ट्रघाती एमसीसीविरुद्ध संसद् भवन घेराउ

नेपाल कम्युनिस्ट पार्टीसहित ६ राजनीतिक दल र २ मोर्चाले विशाल प्रदर्शनसहित काठमाडौंमा संसद् भवन र देशैभर जिल्ला प्रशासन कार्यालय घेराउ गरेका छन्। आन्दोलनकारी दल र मोर्चाको बैठकले १५ र १६ गते काठमाडौंलगायत देशभर विशाल प्रदर्शन र काठमाडौंमा प्रदर्शनसहित संसद् भवन घेराउ गर्ने निर्णय गरेको थियो।

पाँचदलीय गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले विद्यमान सत्ता गठबन्धन फुटाएर र नयाँ गठबन्धन बनाएरै भए पनि राष्ट्रघाती एमसीसी सदनबाट पारित गराएरै छोड्ने षड्यन्त्र गरेपछि आन्दोलनरत दलहरूले १५ र १६ गतेका जनसङ्घर्षका कार्यक्रममा पनि व्यापक रूपमा सहभागिता जनाई एमसीसी कम्प्याक्टलाई खारेज गराएरै छाड्न सङ्घर्षरत ... बाँकी पृष्ठ ७ मा

## सामाज्यवादी अमेरिकाकै कारण रुसद्वारा युक्रेनमाथि आक्रमण : कञ्चन



■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले रुसले युक्रेनमाथि सैन्य आक्रमण गर्नुको मुख्य कारण साम्राज्यवादी अमेरिकी नीति र व्यवहार रहेको प्रस्ट पारेको छ। नेकपाका अन्तर्राष्ट्रिय विभागका इन्चार्ज कञ्चनले विज्ञप्ति जारी गरी पूर्वसोभियत रुसमा आबद्ध मुलुकहरुलाई साम्राज्यवादी बाटो परित्याग गरी लेनिन र स्टालिनले नेतृत्व गर्नुभएको समाजवादकै बाटो अवलम्बन गर्न आह्वान गरेका छन्।

प्रेस विज्ञप्ति जारी गर्दै नेकपा केन्द्रीय सचिवालय सदस्यसमेत रहेका नेता ... बाँकी पृष्ठ ७ मा

## एमसीसी पारित भएको फागुन १५ कालो दिन ६ दल र २ मोर्चाद्वारा चैत ६ सम्म सङ्घर्ष घोषणा

# फागुन २० गते काठमाडौंमा विशाल विरोधसभा

**काठमाडौं ।** एमसीसीमा संसद्बाट भएको राष्ट्रघातको विरोधका साथै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूमा संयुक्त सङ्घर्ष गर्दै आएका नेकपासहित ६ कम्युनिस्ट पार्टी र २ मोर्चाले यही फागुन २० गते काठमडौंमा विशाल प्रदर्शनसहित विरोधसभा गर्ने निर्णय गरेका छन्।

मङ्गलबार अपराह्न संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै आन्दोलनकारी दलले नेपाली राजनीतिक आन्दोलन र राष्ट्रिय मुक्तिको जनसङ्घर्षको इतिहासमा नेपालका क्रान्तिकारी कम्युनिस्ट पार्टी, सच्चा लोकतन्त्रवादी, देशभक्त शक्ति र राष्ट्रवादी आमनेपाली जनताले फागुन १५ गतेलाई कालो दिन घोषणा गर्दै शेरबहादुर देउवा सरकार, नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीका नेताहरूले नेपाली जनताको विरोध, प्रतिवाद र देशव्यापी खारेजी आन्दोलनविरुद्ध राष्ट्रघाती, जनघाती र अमेरिकी साम्राज्यवादसँग आत्मसमर्पणवादी कुकार्य गरेको निष्कर्ष पनि निकालेका छन्। ६ दलले यो देश र नेपाली जनतका विरुद्ध गरिएको अक्षम्य अपराध साबित भएको र घोर राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट पारित हुँदै गर्दा नेकपा (एमाले) ले त्यसका विरुद्ध सङ्घर्ष गर्नुको सट्टा वयल घेराउको बहानामा सम्झौता पारित गर्न सघाउ पुऱ्याउने कार्य गरी नेपाली जनता र राष्ट्रप्रति अन्तरघात गरेको ठहर पनि गरेका छन्।

संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'आज हाम्रो ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको बैठक नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालय बुद्धनगर, काठमाडौंमा बस्यो। नेपाली राजनीतिक आन्दोलन र राष्ट्रिय मुक्तिको जनसङ्घर्षको इतिहासमा नेपालका क्रान्तिकारी कम्युनिस्ट पार्टी, सच्चा लोकतन्त्रवादी, देशभक्त शक्ति र राष्ट्रवादी आमनेपाली जनताले गत फागुन १५ गतेलाई कालो दिन घोषणा गरेका छन्। शेरबहादुर देउवा सरकार, नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीका नेताहरूले नेपाली जनताको विरोध, प्रतिवाद र देशव्यापी खारेजी आन्दोलनका खिलापमा राष्ट्रघाती, जनघाती र अमेरिकी साम्राज्यवादसँग आत्मसमर्पणवादी कुकार्य गरे। यो देश र नेपाली जनताका विरुद्ध गरिएको अक्षम्य अपराध साबित भएको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'त्यसैगरी घोर राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट पारित हुँदै गर्दा नेकपा (एमाले) ले त्यसका विरुद्ध सङ्घर्ष गर्नुको सट्टा वयल घेराउको ... बाँकी पृष्ठ ७ मा

## संसद्वादी नेताहरू साम्राज्यवादका दलाल साबित, एमसीसी लागू हुन नदिन जुटौं : लोहनी

■ रातोखबर संवाददाता/काठमाडौं

राष्ट्रिय जागरण मञ्च नेपालका अध्यक्ष गुणराज लोहनीले नेपालका संसद्वादी दलहरू अमेरिकी साम्राज्यवादका दलाल भएको कुरा राष्ट्रघाती एमसीसी पारित गर्नुले प्रमणित गरेको भन्दै एमसीसी लागू हुन दिन निरन्तर सङ्घर्षमा जुट्न देशभक्त जनसमुदायलाई हार्दिक आह्वान गरेका छन्।

लोहनीले विज्ञप्ति जारी गर्दै कार्यकर्ताको आँखामा धुलो फाल्न 'व्याख्यात्मक प्रस्ताव' को हास्यास्पद नाटक मञ्चन गरी रात पारेर गरिएको एमसीसी सम्झौताप्रति घोर आपत्ति पनि व्यक्त गरेका छन्। लोहनीले नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र सार्वभौमिकता धरापमा पर्ने, यहाँको प्राकृतिक साधन-स्रोतमा अमेरिकी साम्राज्यवादको एकाधिकार कायम हुने भएकाले मञ्चले निरन्तर एमसीसीविरुद्ध आन्दोलनमा ऐक्यबद्धता व्यक्त गरेको र अब पनि व्यक्त गरिरहने प्रतिबद्धता व्यक्त गरेका छन्।


लोहनीद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'नेपाली जनताको व्यापक विरोध र सशक्त आन्दोलनका बाबजुद पनि हिजो संसद्मा नेपालका सरकारधारी र सरकारबाहिरका संसदीय पार्टीहरूले ध्वनिमतले राष्ट्रघाती एमसीसी सम्झौता पारित गरेका छन्। नेपालका क्रान्तिकारी, देशभक्त शक्तिको विरोधका कारण आजभन्दा ४ वर्षअघि नै गर्नुपर्ने उक्त सम्झौता पुलिस लगाएर भीषण दमन गर्दै सरकारमा रहेका पार्टीका केही देशभक्तजस्ता देखिएका कार्यकर्ताको आँखामा धुलो फाल्न 'व्याख्यात्मक प्रस्ताव' को हास्यास्पद नाटक मञ्चन गरी रात पारेर गरिएको एमसीसी सम्झौताको हाम्रो मञ्च घोर आपत्ति व्यक्त गर्दछ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'नेपालको राष्ट्रियता, अखण्डता, ... बाँकी पृष्ठ ७ मा

# नयाँ ध्रुवीकरणको आवश्यकता

**देश/परिवेश**

■ विप्लव



अन्ततः नेपालको संसद्ले अमेरिकी साम्राज्यवादसामु आफ्नो दलाली, लाचारी र कायरताको नाङ्गो प्रदर्शन गर्दै एमसीसी सम्झौता पास गर्दै देशको सार्वभौमिकता र स्वाधीनतामाथि खुलेआम घात गर्न पुग्यो। दलाल पुँजीवादी सत्ताको संसद् देश बेच्ने दलालहरूको अखडामा परिणत भएको छ। संसद्मै कैयौं देशभक्त सांसदहरूको चर्को विरोध हुँदाहुँदै स्यालले स्यालकै रूप देखाउँछ भन्ने जनउक्तिलाई सही साबित गर्दै नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी पार्टी) का मुख्य नेताहरू प्रचण्ड र माधवले पुँजीवादी मालिकहरूसामु आफ्नो गुलामी, चाकरी एवम् तुच्छ कुर्सीलालचा दर्साउँदै यो राष्ट्रघाती कुकार्यमा मुख्य भूमिका निर्वाह गर्न पुगे। नेपाली श्रमिक जनता, कम्युनिस्ट, देशभक्त शक्तिहरू साथै आफ्नै पार्टीका इमानदार नेता-कार्यकर्ताले जे नहोस् भन्ने चाहेका थिए प्रचण्ड-माधवहरूले निर्लज्जतापूर्वक त्यही विश्वासघाती चरित्र प्रदर्शन गर्न पुगे। यो राष्ट्रघाती एवम् जनघाती कर्मको फल उनीहरूले जनताको हातबाट कति कठोरतापूर्वक पाउनेछन्, आउँदा दिनमा प्रस्ट हुनेछ।

एमसीसीसँग भएको सम्झौता राष्ट्रघाती छ भन्नोमा हरेक नेपाली नागरिक जो राजनीतिक सोच र स्वार्थबाट बाँधिएका छैनन्, स्पष्ट छन्। कुनै पनि व्यक्ति काङ्ग्रेस नभएर वा काङ्ग्रेसको पनि सरकारपक्षीय काङ्ग्रेस नभएर, अमेरिकी मालिकसामु मुन्टो लतारेर याचना गर्ने मन्त्री र नोकरशाह नभएर, विदेशी कमिसन कुम्ल्याएर विदेशी बैङ्कमा पैसा लुकाउने वा नेपालमा महलहरू ठड्याउने दलालहरू नभएर शुद्ध नेपाली नागरिक भएर अध्ययन गर्ने जोसुकैले पनि एमसीसी राष्ट्रको हितविपरीत छ, यसलाई स्वीकार्नु हुँदैन भन्छ। यो कसरी राष्ट्रघाती छ भन्ने विषयमा सडकमा जति बहस र तथ्यहरू सार्वजनिक भएका छन् संसद्मै पनि जनता र राष्ट्रप्रति इमानदार सांसदहरूले जोडतोडले धारा र बुँदाहरू पढेर सुनाएका छन्। हिजो नै पनि सांसदहरू झलनाथ खनाल, भीम रावल, तीर्थ सिलुवाल, गिरिराजमणि पोखरेल, दुर्गा पौडेल, राजेन्द्र लिङ्देनलगायतले एमसीसीका विषयमा बुँदाबुँदा पढेर सुनाउँदै यो राष्ट्रघाती छ भन्ने बहस र सङ्घर्ष गर्नुभयो। तर केपी वली सरकारका पालामा यही एमसीसीलाई कसी बनाएर पार्टीमा बहुमत देखाउने प्रचण्ड-माधवहरू साँच्चैको लडाइँमा थरथर काँप्दै घुँडा मात्र टेकेनन् पूरै लम्पसार पर्न पुगेका छन्। हुनत प्रचण्डले यस्तो गर्न सक्छन् भन्ने आकलन मजाले गरिएको थियो र त्यहाँ भन्न सकिने मित्रहरूलाई भनिएको पनि थियो किनकि यो चरित्र उनको नयाँ होइन। ०६४ पछि कटुवाल प्रकरण, दोस्रो संविधानसभा चुनावको परिणाममा, संविधान निर्माण प्रक्रिया, जनमुक्ति सेना विसर्जन र हतियार समर्पण सबैमा देखिएको प्रवृत्ति हो। यसपटक जनमतको प्रभावमा अलि टिक्छन् कि भन्ने कैयौं माओवादी शुभचिन्तकको ... बाँकी पृष्ठ २ मा

## सम्पादकीय

# एमसीसीमा राष्ट्रघात र प्रचण्डको हस्ताक्षर

नेपाली जनताले जे नहोस् भन्ने चाहेका थिए र क्रान्तिकारी तथा देशभक्तहरूले जुन कुराको आँकलन गरेका थिए दलाल संसद्वादीहरूको अखडाका रूपमा रहेको नेपालको संसद्ले आखिर त्यही गऱ्यो, राष्ट्रघाती अमेरिकी परियोजना एमसीसी पारित गऱ्यो र फागुन १५ लाई कालो दिनका रूपमा चित्रित गऱ्यो। राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध जनताले चार वर्षदेखि लगातार सङ्घर्ष गरे। एमसीसीको राष्ट्रघाती चरित्र र परिणामका बारेमा प्रत्येक जनता जानकार भए। जनताले दिन-दिनभर सडक आन्दोलनमा टाउको फुटाए, रगत बगाए, अस्पताल भर्ना भए। कतिपय आन्दोलनकारीहरूलाई क्रूरतापूर्वक दमन गर्दै हिरासतमा लगियो। देशभक्त, क्रान्तिकारी योद्धा र जनतालाई घाइते बनाएर, अश्रुग्याँस प्रहार गरी आँसु बगाएर, रगत बगाएर, गोली हानेर, हिरासतमा थुनेर रातविरात संसद्वादीहरूले संसद्बाट राष्ट्रघात गरे, एमसीसी पारित गरे र नेपाललाई साम्राज्यवादी अमेरिकाको पोल्टामा सुम्पिने कुख्यात र निर्घृणी निर्णय गरे। राष्ट्रघात त भयो नै, यो मुलुकका लागि अपूरणीय क्षति भयो। यो क्षतिको पूर्तिका लागि नेपाली जनताले धेरै ठूलो मूल्य चुक्ता गर्नुपर्नेछ भन्ने विषय अमेरिकी साम्राज्यवादले संसारका स्वाभिमानी राष्ट्रहरूमाथि गरेको क्रूर दमनले प्रमाणित गरिसकेको छ।

कहिलेकहीँ गम्भीर नकारात्मक घटनाको सकारात्मक परिणाम पनि निस्किने गर्छ, क्रान्तिकारीहरूले प्रतिकूलतालाई अनुकूलतामा बदल्नुपर्छ। कोरोना महामारीले साम्राज्यवादलाई नाङ्गेझार पारेर वैज्ञानिक समाजवादको अपरिहार्यता प्रमाणित गरेझैँ एमसीसी पारित भएपछि नेपाली जनताले संसद् वा संसदीय व्यवस्था खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने कसाईखाना हो भन्ने कुरा बुझ्न पाएका छन्। देशभक्त र क्रान्तिकारीहरूले अझ जनताको घरघरमा गएर यो विषय बुझाउनुपर्छ र संसदीय व्यवस्था खारेज गरी वैज्ञानिक समाजवाद स्थापनाको दिशामा अघि बढ्न आह्वान गर्नुपर्छ। दुनियाँमा कहीँ र कहिल्यै पनि संसदीय व्यवस्थाले देश र जनताको भलो गर्दैन भन्ने कुरा एमसीसी पारित गरेर नेपालका दलाल र संसद्वादी दलहरूले राम्ररी पुष्टि गरिदिएका छन्। संसद् जनताको मत व्यक्त गर्ने थलो हो र संसदीय व्यवस्था दुनियाँकै एक नम्बर प्रजातान्त्रिक व्यवस्था हो भनेर जसरी संसद्वादीहरूले दुनियाँलाई झुक्याउँदै आएका थिए, नेपाली जनता पनि केही भ्रममा परेका थिए। अब उनीहरूले पनि प्रस्ट थाहा पाएका छन्- संसद्, संसदीय व्यवस्था र संसद्वादी नेताहरूले भाषणमा, घोषणापत्रमा, अरू बाह्य समयमा जे भने पनि आखिरमा गद्दारी गरे। नेपाल र नेपाली जनतामाथि राष्ट्रघात गरे। गम्भीर धोका दिए। नेपालका सम्पूर्ण संसद्वादी दलहरू लेन्डुपपथमा गएर समाप्त भए। नेपाललाई साम्राज्यवादी युद्धमैदान बनाउन उनीहरूले जनताको मतको घोर दुरुपयोग गरे। नेपाली जनताले यो राष्ट्रघातको बदला राम्रोसँग लिनेछन् किनकि सडकमा राष्ट्रियताको रक्षाका लागि नेकपाको नेतृत्वमा सङ्घर्ष जारी छ र यो सङ्घर्ष एकीकृत जनक्रान्तिको एउटा महत्वपूर्ण अङ्ग बन्दैछ। ६ कम्युनिस्ट पार्टीहरू सडकमा छन् र अझ जनतामा जाने सङ्घर्षका नयाँ कार्यक्रम घोषणा गरिसकेका छन्। राष्ट्रियताका लागि, एमसीसीका विरुद्धको आन्दोलनमा सडकमा क्रान्तिकारी र देशभक्तहरूको रगत बगेको छ। त्यसैले दलालहरूको राष्ट्रघातको परिणाम र सजाय अवश्य यो सङ्घर्ष र जारी क्रान्तिले दिनेछ।

कम्युनिस्ट मतदाता र विशेषगरी माओवादी आन्दोलनको माध्यमबाट आएर माओवादी केन्द्र नाउँको पार्टीप्रति केही आस्था राख्ने मानिसहरू पनि अब द्विविधामुक्त भएका छन् किनकि राष्ट्रघाती एमसीसी जनयुद्धको नेतृत्व गरेका प्रचण्डको हातबाटै पारित भयो। उनले मत नदिएको भए सत्ता गठबन्धन टुट्थ्यो र माधव नेपाल समूह पनि सत्ताबाट बाहिरिन्थ्यो। एमालेको सहारामा देउवाले एमसीसी पारित गर्ने प्रयास गर्थे। त्यहाँ फेरि विभाजन हुन्थ्यो। अर्थात् राष्ट्रघातको समय केही लम्बिन्थ्यो। जनताको आन्दोलन जुझारु रूपमा अघि बढिसकेको थियो। त्यसले बलिदानको स्वरूप नै लिइसकेको थियो। त्यसले एमसीसी टर्न र टार्न सक्थ्यो तर सत्ता गठबन्धनको मोहमा, सत्तालिप्सामा, जनतामा विश्वास गुमाइसकेका प्रचण्डले काङ्ग्रेस र अमेरिकी साम्राज्यवादको फेरो समाउँदा नेपालको राष्ट्रियतामाथि गम्भीर आघात भयो। जनयुद्धका कथित नायक प्रचण्डले संसदीय सत्तामोहमा, केही थान मन्त्री, केही पैसा, केही सुखसुविधा, केही थान सांसदमा राष्ट्रघातको पगरी गुथे। नेपाली जनताले यस्तो अपशकुनपूर्ण घटनाको कहिल्यै अपेक्षा गरेका थिएनन्। देउवा, बाबुराम, वली, नेपाल वा ठाकुरहरूले राष्ट्रघात गर्नु कुनै अनौठो विषय थिएन। केपी वलीको पार्टीले त संसद्मा अरू बहाना बनाएर राष्ट्रघाती एमसीसी पारित गर्न अरू लेन्डुपहरूलाई सजिलो बनाइदियो र राष्ट्रघात गऱ्यो। उनीहरू इतिहासमा पनि बारम्बार यो वा ऊ घटनामा राष्ट्रघातमा मुछिइसकेका पटके पात्र र पार्टीहरू थिए तर प्रचण्ड त इतिहासमा नेपाल आमाका दसौँ हजार सुन्दर छोरोछोरीको त्याग र बलिदानबाट जन्मिएका पात्र थिए। नेपाली माटोले उनलाई यति धेरै कृतघ्न बन्ने र महापतनको पनि पराकाष्टामा पुग्ने गरी जन्माएको थिएन भन्ने मानिसहरूलाई लागिरहेको थियो। तर उनले देश र जनताका विरुद्धको घातको नेतृत्व गरे। नेपालको इतिहासले प्रचण्डलगायत उनी नेतृत्वको राष्ट्रघाती जत्थालाई कहिल्यै माफ गर्नेछैन। जसरी स्वतन्त्र सिक्किमलाई भारतीय साम्राज्यवादको हिस्सा बनाउने राष्ट्रघाती लेन्डुपको मृत्यु भुस्याहा कुकुरको जस्तो घृणित र निन्दित तरिकाले भयो, नेपालका राष्ट्रघातीहरूको मृत्यु पनि त्योभन्दा कुनै हिसाबले सम्मानजनक तरिकाले हुनेछैन भन्ने ठोकुवा गर्न सकिन्छ।

नेपालका नवलेन्डुपहरूले संसद्बाट राष्ट्रघाती एमसीसी पारित गर्ने समयमा कथित व्याख्यात्मक टिप्पणी गर्ने भनी नेपाली जनतालाई उल्लू बनाउने धृष्टता गरेका छन्। लेन्डुपले सिक्किमलाई भारतीय साम्राज्यवादको पाउमा सुम्पिने समयमा जतिसुकै व्याख्यात्मक टिप्पणी गरेको भए पनि स्वतन्त्र सिक्किमको राष्ट्रियता गुमिसकेपछि ती व्याख्या र टिप्पणी मुलुकलाई पराधीन बनाउने सहायक सामग्रीभन्दा बढ्ता केही साबित भएनन्। नेपालका नवलेन्डुपहरू पनि त्यही पथमा गएर समाप्त भए। अरू परिणाम त देशभक्त र क्रान्तिकारीहरूको हतमा छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# सहिदमार्ग कि एमसीसीमार्ग ?



मोहलाल चन्द 'आधार'

नेपालको पहिला सहिद हुन् लखन थापामगर। उनलाई विसं १९३३ मा गोर्खाको मनकामना परिसरको रूखमा झुन्ड्याएर मारिएको थियो। त्यसै गरी विसं १९९७ मा गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्दलाई फाँसी दिइएको थियो। त्यसैगरी विसं २००७ मा करिब ३० जना योद्धाले राणा शासनका बिरुद्ध रगत चढाएका थिए। पञ्चायतअघि चिनियाकाजी अनि झापा विद्रोहमा बिरेन राजवंशी, कृष्ण कुइँकेल, नेत्र घिमिरे, रामनाथ दाहाल, नारायण श्रेष्ठ गरी ५ जनालाई २०२९ साल फागुन २१ गते जेल सार्ने निहुँमा झापाको सुखानी जङ्गलको खोलामा मारिएको थियो। त्यसैगरी विसं २०३६ कात्तिक २३-२९ भित्र खोकु छिन्ताङ धनकुटामा गोपाल आनन्द राईलगायत १६ जनालाई निर्मम हत्या गरिएको थियो। त्यसरी नै विसं २०४६ को जनआन्दोलनमा उमेश थापालगायत दर्जनौँ सहिद भएको कुरा जगजाहेर नै छ। त्यसैगरी विसं २०५२ फागुन १ गतेदेखि थालनी भएको महान् जनयुद्धका क्रममा फागुन १४ गते गोरखाका दिलबहादुर रम्तेल प्रथम सहिदलगायत क. सुरेश वाग्ले, क. रामवृक्ष यादव, क. दण्डपाणि न्यौपाने, क. रीतबहादुर खड्का, क. किमबहादुर थापा, क. नेपबहादुर केसी, क. मोहनचन्द्र गौतम, क. शेरमान कुँवर, कवि कृष्ण सेन 'इच्छुक' सम्मका हजारौँ सहिदले जीवनको बलिदान गरिसक्नुभएको छ। त्यसैगरी एकीकृत जनक्रान्तिमा क. धनरूप बटाला, क. चन्द्रबहादुर सिंह 'सनराइज', क. तीर्थराज घिमिरे 'राजु', क. गोकुल रानामगर 'महान', क. प्रज्ज्वल शाही, क. विभुराम विक 'दीपेन्द्र' , क. कृष्णप्रसाद भण्डारी 'निरन्तर', क. रामकुमार श्रेष्ठ, क. कुमार पौडेल, क. नीरकुमार राई 'प्रशान्त', क. रामबहादुर सिंह 'राजेश', क. जगेन्द्रबहादुर पुन 'जगत' गरी १२ जना सहिदको रगतले नेपाली धर्ती सिँचिएको छ। यो क्रम अझैं अनिश्चयको घडीभित्र फन्को मारिरहेको छ!

यसरी देश र जनताको स्वतन्त्रता, मुक्ति, उन्नति र अग्रगमनका लागि सचेत र वीर सन्ततिहरूले जीवनको मूल्यबोध गरेर रगतले धर्ती सिँचाइ नगरी परिवर्तन र आमूल परिवर्तन हुँदै हुँदैन भन्ने कुरा गर्विलो र दर्बिलो इतिहासले सिद्ध गरिसकेको छ। तसर्थ एउटा मार्ग भनेको जीवन उत्सर्ग ( बलिदान) अर्थात् सहिदमार्ग हुन आउँछ भने अर्को सहिद मार्गविपरीत अर्थात् रगत पोख्न बाध्य तुल्याउने मार्ग। जसरी समाजमा दुईवटा वर्ग हुन्छन् : एउटा शोषक र अर्को शोषित अर्थात् गरी खाने वर्ग र गराएर खाने वर्ग। हो, विश्वमा पनि यी दुई वर्ग छन्। श्रमिक वर्गको विरोधी चुसाहा वर्गको प्रतिनिधित्व गर्ने चरम पुँजीवाद अर्थात् उत्तरसाम्राज्यवाद हो। यसको एक नम्बर सक्कली नाइके आज हरहिसावले अमेरिकाको शासनसत्ता नै हो भन्ने कुरा छर्लङ्गै भएको छ। यो कुरा सर्वसाधारणसमेतले बुझिसके। अमेरिकी शासक वर्ग आज एक ध्रुव अर्थात् विश्वव्यवस्थाको गुड्डी हाँक्दै मात्तिएको छ। नेपालमा भने वैज्ञानिक समाजवादी क्रान्तिको मस्तुलले उत्तरोत्तर प्रगति गरिरहेको अवस्था र नेपालभन्दा पूर्व महाशक्ति केन्द्र आफ्नैखाले समाजवादी अर्थराजनीतिले अमेरिकी दादागिरीको निद्रा समाप्त पारेकाले भूमण्डलीकृत राजनीति र बहुलवादी विचारको केन्द्र आज नेपाल बन्न गएको छ। किनभने नेपाल भूपरिवेष्ठित देश हो। नेपाल भूपरिवेष्ठित हुनुको परिणति महाशक्ति केन्द्रहरूले घेरिनुका साथै नानाथरी रङरोगनका औपनिवेशिकताले बेरिएको पनि छ। यसर्थ यहाँ सानाठूला राजनीतिक भूकम्पीय झट्का आइरहनु अनिवार्य हुन आउँछ। नेपाल शान्तिप्रिय परन्तु अशान्त मुलुक हो। इतिहाससिद्ध कुरा त्यो हो। सन् १८१६ को सुगौली सन्धि, सन् १९५० को असमान सन्धिको जगमा टेकेर २०४६ सालपछि नेपालमा नेपाली काङ्ग्रेसमार्फत दलाल पुँजीवाद भित्र्याइयो जसले निजीकरण र उदारीकरणको अभियान चलाइरहेको छ। परिणाम दलाल पुँजीवादका जराहरू गाउँदेखि सहरसम्म फिँजाइएका छन्। हामी श्रमजीवी नेपालीहरू थाहा नपाईकनै दलाल पुँजीवादी विष पिउन विवश छौँ। बागमतीको आहालजस्तो धरातलमा विचार र दृष्टिकोणमा कमजोर आत्मकेन्द्रित व्यक्तिवादको रोग लागेका कम्युनिस्टहरूलाई दलाल पुँजीवादले सङ्क्रमित गर्दै आयो र सामाजिक दलाल पुँजीवाद देखा पर्न गयो। यही सङ्क्रमित धरातलमा एमसीसी नामक विषालु बिरुवा अर्थात् पराधीनताको बिरुवा रोपिँदैछ। एससीसीनामक अमेरिकी हस्तक्षेपकारी निगममार्फत अमेरिकी नवऔपनिवेशिकताले बलात् वैधानिकता खोजिरहेको छ। अमेरिकी शासक वर्गलाई नेपालमा वैधानिक रूपमा आउन दिनुपर्छ भन्ने नेपालका पुराना र नयाँ जुनकुनै पार्टी, व्यक्ति, सङ्घ, संस्था अमेरिकी आईएनजीओ हुन् भनेर बुझ्नु नै सही हुनेछ। यी राष्ट्रघाती, जनघाती संसद्वादी दल, सङ्घसंस्थाले आफैँले बनाएको संविधानको धज्जी उडाएर निरङ्कुश एमसीसी पास गर्न मरिहत्ते गर्नुको पछाडि यी कुतत्वहरू बिक्री भैसकेका छन् भन्ने कुरा छर्लङ्गै बुझ्न सकिन्छ। यसको परिणाम नेपालमा अस्थिरता, अशान्ति हुने कुरा पक्का छ। यसबेला प्रत्येक नागरिकले आफू कुन कित्तामा उभिने भन्ने कुरामा फैसला गर्नु अनिवार्य भैसकेको छ।

नेपाली श्रमिक जनता कहिल्यै पनि अन्यायका पक्षमा उभिएको इतिहास छैन। शासक वर्ग भने आत्मसमर्पण नगरेको इतिहास बिरलै छ। अहिले पनि शासक वर्ग आत्मसमर्पण गर्ने र जनता राष्ट्रिय स्वाधीनता, जनअधिकारका पक्षमा सशक्त रूपमा उभिएको चित्र देखा परिरहेको छ। यो नै नेपाल र नेपालीको प्रकृति र चारित्रिक विशेषता हो। यतिखेर ध्रुवीकरण र अद्भूत राष्ट्रिय एकताको अनिवार्यता मुखरित हुनु गौरवको विषय हो। यही गौरवलाई नेपाली प्रतिष्ठा ठानेर राष्ट्रिय स्वाधीनताको लडाइँमा राष्ट्रघाती एमसीसीबिरुद्ध अझै मोर्चाबन्दीमा लामबद्ध हुन अनिवार्य हुन आएको छ। सहिदमार्गमा लामबन्द भै सहिदका सपना साकार पार्न महान् सपना देख्ने र व्यवहारमा उतार्ने असाधारण समय पनि यही हो। एमसीसीमार्गको पराधीनतालाई दुत्कार्न सकिएन भने दास हुनुपर्ने अवस्थालाई पनि नकार्न सकिँदैन। त्यसैगरी नेपाल र नेपालीलाई एमसीसीमार्गले भविष्यमा युक्रेनको परिणतिमा धकेल्ने खतरालाई पनि सङ्केत गर्दछ भने सहिदमार्गले वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गरी शान्ति, सुसम्पन्न नेपाली र स्वाधीन नेपाल निर्माण गर्ने कुरा सुनिश्चित गर्दछ। तसर्थ पराधीनताको आर्थिक प्रलोभनभन्दा स्वाधीनताको राष्ट्रिय एकता कैयौँ गुणा उत्कृष्ट नेपाली पहिचान हुनेछ। यसप्रकारको असाधारण अवस्था र सर्वाधिक नालायक व्यवस्थामा वैधानिक राष्ट्रघाती एमसीसीमार्ग होइन, आफ्नै धर्तीको सहिदमार्गमा मुक्ति र स्वाधीनताका लागि जनक्रान्तिको झन्डा फहराउँदै विजय हासिल गरौँ।

# राष्ट्रघाती एमसीसीविरुद्ध पाँच सांस्कृतिक मोर्चाद्वारा प्रतिरोधसभा

**काठमाडौँ।**

राष्ट्रघाती एमसीसीका विरुद्ध सङ्घर्षरत ६ कम्युनिस्ट राजनीतिक पार्टीमा आबद्ध सांस्कृतिक मोर्चाहरूले संयुक्त रूपमा 'राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर' भन्ने मूल नारा लिएर सांस्कृतिक प्रतिरोधसभा सम्पन्न गरेका छन्। ६ राजनीतिक दल र दुई मोर्चाले फागुन ११ गते सांस्कृतिक प्रतिरोध सभालगायत सिर्जनात्मक कार्यक्रम गर्ने निर्णय गरेका थिए।

नेकपाको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, मसालको सांस्कृतिक मोर्चा रक्तिम सांस्कृतिक अभियान, मोहन वैद्य निकट अखिल नेपाल जनसांस्कृतिक महासङ्घ र आन्दोलनकारी विभिन्न दलनिकट अखिल नेपाल सांस्कृतिक युनियन, अखिल नेपाल जनसांस्कृतिक सङ्घलगायत सांस्कृतिक मोर्चाले संसद् भवनअगाडि नयाँबानेश्वरमा राष्ट्रघाती एमसीसी कम्प्याक्टका विरुद्ध सशक्त प्रतिरोधमा उत्रन आह्वान गर्दै कविता, गीत, नृत्यसहित प्रतिरोधसभा आयोजना गरेका हुन्।

कार्यक्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका अध्यक्ष माइला लामा, उपाध्यक्ष शोभा दुलाल, महासचिव खेम थपलिया, सचिव अशोक सुवेदी, कोषाध्यक्ष आरोह नेपाली, कार्यालय सदस्य एवम् अखिल नेपाल लोककलाकर्मी संघका संयोजक ढुण्डीराज अधिकारी, महासङ्घको केन्द्रीय नेतृत्वमा रहिसकेका कविता, प्रस्तुति, लक्ष्मणलगायत महासङ्घको सिङ्गै पदाधिकारी र केन्द्रीय टिम सहभागी थियो। त्यसैगरी महासङ्घको केन्द्रीय टोली सामना परिवार पनि उपस्थित थियो।

त्यस्तै वैद्य निकट महासङ्घका अध्यक्ष प्राडा जगदीशचन्द्र भण्डारीलगायत सहभागी थिए भने रक्तिमलगायत सांस्कृतिक परिवारले पनि उत्साहजनक सहभागिता जनाएका थिए।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवम् अखिल नेपाल जनसांस्कृतिक महासङ्घका अध्यक्ष माइला लामा, कार्यक्रमको अध्यक्षता गरेका प्राडा जगदीशचन्द्र भण्डारी, अखिल नेपाल जनसांस्कृतिक महासंघका केन्द्रीय सचिव अशोक सुवेदी, कोषाध्यक्ष आरोह नेपाली, कवि डा. रामप्रसाद ज्ञवालीलगायतले संसद्वादी दलहरूले सुगौली, १९५० लगायत असमान र राष्ट्रघाती सन्धिहरूलाई पनि तल पार्दै नेपालका लेन्डुप दोर्जेहरूले अमेरिकी साम्राज्यवादलाई नेपालमा भित्र्याएर रणमैदान बनाउन राष्ट्रघाती एमसीसी सम्झौता पारित गर्ने सम्झौता गरेकाले घरघर र गाउँगाउँबाटै त्यसलाई खारेज गर्न विद्रोहको आँधीबेहरी सिर्जना गर्नुपर्ने बताए। वक्ताहरूले अमेरिकी रणनीतिक परियोजना एमसीसीविरुद्धको आन्दोलनलाई अझ सशक्त बनाउन सम्पूर्ण प्रगतिशील तथा क्रान्तिकारी संस्कृतिकर्मी एवम् देशभक्त नागरिकसमक्ष जोडदार अपिल पनि गरे। देशमा क्रान्ति सम्पन्न गरेर वैज्ञानिक समाजवाद स्थापना भएपछि मात्र साम्राज्यवाद र तिनका नेपाली दलालहरूको अन्त्य हुने भन्दै वक्ताहरूले क्रान्तिमा लामबद्ध हुन पनि आह्वान गरेका थिए।

कार्यक्रममा डा. रामप्रसाद ज्ञवाली, शोभा दुलाल, अशोक सुवेदी, प्रदीप देवान, बिहानी विक, राजेश बान्तवा, आरोह नेपाली, लक्ष्मण पाख्रिन, नारायण शर्मा विपीन, ऋतु देवकोटा, इन्दिरा अधिकारी, प्रजिना दर्नाल, प्रतीक चन्दलगायत स्रष्टाहरूले राष्ट्रघाती एमसीसीको विरोध गर्दै गीत र कविता प्रस्तुत गरेका थिए। सामना परिवार र रक्तिम सांस्कृतिक अभियानका कलाकारहरूले क्रान्तिकारी र देशभक्तिपूर्ण गीतहरूमा जनवादी नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन आरोह नेपालीले गरेका थिए।

यसअघि पाँचवटा जनसांस्कृतिक मोर्चा (माइला लामा अध्यक्ष, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ), प्रा.डा. जगदीशचन्द्र भण्डारी अध्यक्ष, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, रेम राना, अध्यक्ष रक्तिम सांस्कृतिक अभियान, राजेश बान्तवा अध्यक्ष, अखिल नेपाल सांस्कृतिक युनियन) र बिहानी विक अध्यक्ष, अखिल नेपाल जनसांस्कृतिक सङ्घ) ले संयुक्त विज्ञप्ति जारी गरी आत्मघाती एमसीसी कम्प्याक्टका विरुद्ध सशक्त प्रतिरोधमा उत्रन आह्वान गरेका थिए।

## नयाँ ध्रुवीकरणको ....

आकाङ्क्षामा खरानी छर्दै लाजसरम पचाएर पुरानै प्रचण्ड प्रवृत्तितिर पछारिन पुगे र केही बचेखुचेको प्रभाव पनि समाप्त पार्न पुगे। उनीमा क्रान्तिघाती, जनघाति आरोप त थियो नै, एमसीसीमा पुग्दा भद्दा राष्ट्रघातीको कलङ्क पनि पोतिन पुगेको छ।

एमसीसीलाई रोक्ने र देशको स्वाधीनता रक्षा गर्नेमा सभामुख अग्नि सापकोटाले केही पहल गर्न सक्छन् भन्नेमा नेपाली जनताको थोरै आशा थियो। उनी अलि नयाँ र परीक्षणमै रहेका साथै उनले बाहिर नबोले पनि भित्र एमसीसी विरुद्धमा छन्, बरु कुर्सी छोड्छु, आत्महत्या गर्छु तर एमसीसी टेबुल गर्दिनँ भन्छन् भन्ने प्रचार आएकाले यो आशा थियो तर उनी त अन्तिम लडाइँमा चुँसम्म नगरेर एउटा नालायक कटुवालेले गर्ने चाकरीभन्दा पनि तल झरेर एमसीसीसामु पूरै पसारिन पो पुगे। उनकै मुखबाट घोर राष्ट्रघाती सम्झौताले पारित हुने सुनौँलो अवसर पायो!

एमसीसी अनुमोदन गर्दा जुन सङ्कल्प प्रस्तावको दुर्गन्धित हावा खडा गरे त्योजस्तो लाजमर्दो, बेतुकको कुरा के हुन्छ! त्यसमा त काङ्ग्रेसका गगन थापा र प्रवक्ता प्रकाशशरण महतले भनेजस्तै एमसीसीमै भएको विषयमा हाम्रो अस्पष्टता हटाएको मात्र हो। अमेरिका जसले पहिले नै कैयौँ माध्यमबाट एमसीसी अमेरिकी राष्ट्रिय सुरक्षा नीतिसँग जोडिएको, हिन्दप्रशान्त रणनीतिसँग जोडिएको प्रस्ट बताइसकेका छन् त्यसैलाई अनुमोदन गरेर मालिक तपाईंले भने पनि हामीलाई त्यस्तो लाग्दैन, हामी पो अबुझ र मूर्ख रहेछौँ भनेजसरी पत्र लेख्नु कति हास्यास्पद छ! राज्य सञ्चालनमा बसेका यस्ता लाचार मान्छेहरूको मति देखेर अमेरिकीहरू कति गद्गद होलान्, अनुमान गर्न सकिन्छ। यो १२ बुँदे सङ्कल्प प्रस्ताव भनेको अमेरिकीहरूको दिसा सोहोर्ने मात्र काम लाग्ला, अन्यत्र यसको कुनै मूल्य छैन!

सबैले बुझ्नुपर्छ- यो एमसीसी सम्झौता नेपालका हकमा सन् १८१६ को सुगौली सन्धि र सन् १९५० को दिल्ली सम्झौताजत्तिकै घातक रहेको छ। अझ २१ औँ सदीको भूमण्डलीकृत परिस्थितिमा त्योभन्दा पनि खतरनाक हुनसक्ने देखिन्छ। जस्तो कि अमेरिकी प्रवेशको विश्वराजनीतिक परिवेश त्यस बेलाको भन्दा निकै पेचिलो रहेको छ। यस्तो सम्झौता नेपाली जनताको असहमतिमा लाद्नु भनेको निकै हानिकारक रहेको छ।

हरेक नागरिकलाई थाहा छ- देशको रक्षा, विकास र समृद्धिको नेतृत्व गर्न दिएको जनमतलाई काङ्ग्रेसको नेतृत्वमा माओवादी केन्द्र, एकीकृत समाजवादीले पूरै दुरुपयोग र बेइमानी गर्दै देशघाती कुकर्ममा प्रयोग गरेका छन्। पाँच वर्षका लागि चुनिएका सांसदहरूलाई कुनै पनि हालतमा देशलाई सदीऔँसम्म कुप्रभाव पार्ने राष्ट्रघाती सम्झौता गर्ने अधिकार छैन। कुनै पनि पार्टीलाई देशको सार्वभौमिकता बेच्ने छूट छैन। जनताको सहमतिबिना लादिने कुनै पनि कानुन देश र जनताभन्दा माथि हुन सक्दैनन्। एमसीसी पास गर्ने संसद् र एमसीसी सम्झौता त्यस्तै अमान्य विषय हुन् जसमा नेपाली सर्वशक्तिमान जनताले घरघर, बस्तीबस्ती र सडकबाट अस्वीकार गरेका छन्। देशैभरि हजारौँहजार जनता राज्यको बुट, लाठी, अश्रुग्याँस, गोली खाँदै यसका विरुद्ध प्रतिरोध सङ्घर्ष चलाइरहेका छन्। सयौँजना देशभक्त नागरिकको टाउको फुटेको छ, हात भाँचिएको छ, हजारौँ गिरफ्तार हुने र छुट्ने क्रम चलिरहेको छ। कैयौँ युवाहरू अस्पतालमा छन्। यसले प्रस्ट गर्छ- संसद्ले पास गरे पनि एमसीसीलाई नेपाली जनताले पास गरेका छैनन्। यो जनताका लागि अस्वीकार्य छ।

नेपालको स्वाधीनताको माया तिनलाई हुन्छ र छ जसले देशलाई निःस्वार्थ माया गर्छन्। जो देशलाई कुनै पनि स्वार्थ, पद, कुर्सी, धनदौलत, निजी सुखभन्दा माथि राख्छन्। त्यसमा सबैभन्दा अगाडि जनता हुन्छन्, युवाहरू हुन्छन् र जनताको नेतृत्व गर्न तयार देशभक्त एवम् क्रान्तिकारीहरू हुन्छन्। आज हामी देख्छौँ देशलाई हृदयदेखि माया गर्ने श्रमिक जनता, युवा र नेताहरू चारैतिर छरिएर रहेका छन्। खासगरी राजनीतिक पार्टी, विभिन्न जनवर्गीय सङ्गठन र व्यवसायहरूमा आवद्ध छन्। तर आज कैयौँ पार्टीहरूले जसरी राष्ट्रघाती कार्य गरेर देशभक्त नागरिकहरूलाई पार्टी राजनीतिको रङ दिएर राष्ट्रिय स्वाधीनताको संरक्षण गर्ने पवित्र कार्यबाट अलमल र भ्रमित पार्न खोजेका छन् त्यस जाललाई च्यातचुत पारेर राष्ट्र रक्षाको जिम्मेवारी पूरा गर्न बाहिर आउन जरुरी छ। आफ्नो राष्ट्र प्रेमलाई कुनै पनि दलाल, कमिसनखोर, भ्रष्ट, राष्ट्रघाती तत्वको चङ्गुलमा फस्न नदिएर वास्तविक देशभक्त, अग्रगामी, क्रान्तिकारी आन्दोलन र शक्तिवरिपरि गोलबन्द गर्न जरुरी छ। सबै देशभक्त, क्रान्तिकारीहरूलाई गोलबन्द गर्न, नेतृत्व लिन र राज्य रूपान्तरणका पक्षमा योगदान गर्न जरुरी छ। तसर्थ नेपाली काङ्ग्रेस, एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टीभित्रका इमानदार युवा, नेता तथा कार्यकर्ताले त्यहाँबाट आफूलाई अलग गर्दै दलाल पुँजीवादी सत्ताको स्थानमा वैज्ञानिक समाजवाद स्थापना गर्ने दिशामा समर्पित गर्न आवश्यक छ। यो नयाँ परिस्थितिले माग गरेको नयाँ ध्रुवीकरणको आवश्यकता हो।

# राष्ट्रघाती एमसीसी अनुमोदन गर्नेहरूलाई इतिहासले गद्दारका रूपमा अङ्कित गर्नेछ

राष्ट्रिय स्वाधीनतासँग सम्बन्धित विषयलाई यस्तो होहल्ला र गन्जागोल वातावरणमा छलफलका लागि पेस गरिनु आपत्तिजनक छ । सम्झौता नेपालको संविधानको धारा २७९ विपरीत प्रतिनिधिसभामा पेस भएको छ। कम्प्याक्ट सम्झौतासम्बन्धी अरू एक दर्जन सम्झौतासमेत यहाँ वितरण गरिनुपर्छ । नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र हितको रक्षा एवम् सुरक्षाको गहन दायित्व प्रतिनिधिसभामा छ । प्रतिनिधिसभाले यसअनुरूप निर्णय गर्छ वा राजनीतिक दलका केही नेताहरूको सत्तास्वार्थ, गुटबन्दी र दम्भका लागि राष्ट्रघाती प्रावधान रहेको एमसीसीसँगको सम्झौतालाई अनुमोदन गर्छ भनी नेपाली जनता चासोका साथ हेरिरहेका छन् । सम्झौतामा रहेका नेपालको स्वाधीनता, हित र आत्मनिर्णयको अधिकारविपरीतका धारा, दफा, उपदफा र अनुसूची समयसीमाका कारण यहाँ पेस गर्न सम्भव भएन । तर त्यस्ता प्रावधानहरूबाट प्रस्ट निम्नलिखित तथ्यका आधारमा सम्झौता प्रतिनिधिसभाबाट अस्वीकार गरियोस् भनी सम्पूर्ण देशभक्त नेपालीहरूका तर्फबाट आह्वान गर्दछु :

मूल सम्झौता र यसका आधारमा गरिएका दर्जन सम्झौता असमान छन् र यसमा रहेका कतिपय प्रावधानले नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र हितमा आघात पुऱ्याउँछन् । सम्झौताको एउटा प्रावधानमा आयोजनाको अवधि पाँच वर्ष भनिए पनि अरू प्रावधानले अनिश्चित कालसम्म रहने देखिन्छ । सो अवधिमा विद्युत् प्रसारण लाइन र त्यसले चर्चेको जग्गा एमसीसीको अधीनमा रहनेछ ।

नेपालले अमेरिकाको वर्तमान र भविष्यमा बन्ने कानुनसमेत मान्नु पर्नेछ र अमेरिकाको राष्ट्रिय सुरक्षा स्वार्थअनुरूप नेपाल सरकारले काम गर्नुपर्ने अवस्था कायम भई नेपालको संविधानमा उल्लिखित स्वतन्त्र परराष्ट्र नीति र असंलग्नतामा आघात पुग्नेछ ।

एमसीए-नेपाल एमसीसीप्रति पूर्ण रूपमा उत्तरदायी हुने र त्यसलाई एमसीसीले नीति, निर्देशन दिने, नेपाल सरकारले एमसीए-नेपाललाई असीमित अधिकार दिने र कुनै नीति, निर्देशन दिन नपाउने, आयोजनाको सुपरीवेक्षण गर्न नपाउने, एमसीए बोर्ड नेपाल सरकारबाट स्वतन्त्र हुने र त्यसले एमसीसीको स्वीकृतिमा बोर्ड नियम र सञ्चालनसम्बन्धी दस्तावेज संशोधन र परिवर्तन गर्न सक्ने, सम्झौतामा संशोधन र परिवर्तन गर्न संसद् र नेपाल सरकारको परामर्श वा भूमिका आवश्यक नरहने, आयोजना कार्यान्वयन, ठेक्का-पट्टा, निर्देशिका हेरफेर, आदेश, नियमावलीमा एमसीसीको पूर्वलिखित स्वीकृति हुनुपर्ने, आयोजनाका लागि आवश्यक सामग्रीको आपूर्ति अमेरिकी कानुनअनुसार हुने तथा एमसीसीले दिने सुझाव-सल्लाह नेपाल सरकारले मान्नैपर्ने, नेपाल सरकारले आयोजनामा कुनै निकायलाई संलग्न गराउनुपर्ने भए एमसीसीको स्वीकृति लिनुपर्नेजस्ता प्रावधानले नेपाललाई उपनिवेशकरणको बाटोमा धकेल्नेछ। त्यस्तै नेपालले १३ करोड डलर एमसीसीलाई अनुदानका रूपमा दिनुपर्ने तर सबै रकमको व्यवस्थापन, नियन्त्रण र निकासासम्बन्धी अधिकार एमसीसीमा रहने, बैङ्कमा रहने रकमको ब्याजमा एमसीसीको अधिकार रहने, बौद्धिक सम्पत्तिमा एमसीसीको एकलौटी अधिकार हुने, एमसीसीका सबै कर्मचारीले गर्नुपर्ने काम नगरी क्षति पुग्न गएमा पनि दायित्वबाट मुक्त हुने र तिनको कुन देशको नागरिकता हो भनी सरकारले हेर्न नपाउने, एमसीसी सन्तुष्ट हुने गरी भारतको समर्थनमा नेपालले आयोजना छनोट गर्नुपर्ने र आयोजनामा संलग्न हुने नागरिक समाज र गैरसरकारी संस्थाका प्रतिनिधिहरूको छनोट नेपाल सरकारले गर्न नपाउने प्रावधानहरूले नेपालको स्वतन्त्रता, स्वाधीनता र हितमा आघात पुऱ्याउँछन् ।


भीम रावल

अमेरिकी सुरक्षा रणनीतिसम्बन्धी विभिन्न दस्ताबेजहरू तथा दुईजना अमेरिकी मन्त्रीका सार्वजनिक भनाइले एमसीसी आयोजना अमेरिकी राष्ट्रिय सुरक्षा रणनीति जसमा हिन्द-प्रशान्त रणनीति पनि पर्दछ, को अङ्ग भएको र त्यसमा सामेल हुनु भनेको नेपालको स्वतन्त्र परराष्ट्र नीति र असंलग्नता परित्याग गरी अर्को देशसँग सामरिक गठजोडमा सामेल भई संविधानको नै उल्लङ्घन गरेको ठहर्छ । यसतर्फ साझेदारी सम्झौतामार्फतसमेत नेपाललाई धकेलिएको छ ।

सन् २००३ मा एमसीसीसम्बन्धी अमेरिकी कानुन तथा एमसीसीको सहयोग प्राप्त गर्नका लागि निर्धारित योग्यतामा उल्लिखित कथित उदारवादी अर्थतन्त्र र राजनीति नेपालको संविधानको समाजवादउन्मुख प्रणाली र सार्वजनिक, निजी र सहकारीले योगदान गर्नुपर्ने अर्थनीतिका विरुद्ध छन् ।

एकातर्फ विकास अनुदानको कुरा गरिएको छ भने अर्कातर्फ एमसीए-नेपाल र विभिन्न मन्त्रालय र सरकारी निकायसँग गरिएका सम्झौतामा अमेरिकाको राष्ट्रि सुरक्षा स्वार्थ र आर्थिक नीतिविपरीत कुनै काम गर्न नपाइने प्रावधान राखेर नेपाललाई अमेरिकी सुरक्षा छातामुनि राख्ने र विदेशी कम्पनीले समानान्तर सरकार चलाउने बाटो खोलिएको छ । लैङ्गिक र सामाजिक एकीकरणका नाममा नेपाली समाजमा हस्तक्षेप गरी विदेशीको प्रभावमा राख्ने योजना तय गरिएको छ ।

नेपालले संसद्बाट अनुमोदन गरी अनुदान लिनैपर्ने भनी एमसीसी र अमेरिकी सरकारका विभिन्न अधिकारीहरूले नेपालका राजनीतिक नेताहरूलाई प्रत्यक्ष र परोक्ष रूपमा दिएको दबाब तथा तत्सम्बन्धमा दिएका अभिव्यक्तिबाट मैले उल्लेख गरेका तथ्यहरूको थप पुष्टि हुन्छ ।

मैले उल्लेख गरेका सत्यतथ्यप्रति गम्भीर ध्यान दिई नेपाल र नेपाली जनताको स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र हितमा समर्पित हुने भनी खाएको शपथको स्मरण गरी एमसीसीसँगको सम्झौता अनुमोदनका लागि पेस हुँदा त्यसको विरुद्धमा मतदान गर्न सबै माननीय सदस्यहरूलाई सम्पूर्ण देशभक्त नेपालीहरूका तर्फबाट पुनः हार्दिक अनुरोध गर्दछु ।

नेपालको हित र नेपाली जनताको आवाजप्रति बेवास्ता गर्दै विदेशी दबाब र हस्तक्षेपका सामु लम्पसार परेर देशको स्वाधीनताका लागि उठेको आवाजलाई क्रूरतापूर्वक दमन गर्ने कार्य निन्दनीय छ । यस्तो देश र जनविरोधी दमन तत्काल बन्द गरियोस् ।

राष्ट्रिय सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र हितमा दीर्घकालीन रूपमा आघात पुऱ्याउने प्रावधानहरू र नेपाली जनताले देशव्यापी रूपमा उठाएको आवाजप्रति बेवास्ता गर्दै निहित सत्तास्वार्थका लागि जबरजस्ती सम्झौता अनुमोदन गराउन खोज्ने नेपाली काङ्ग्रेसको नेतृत्वको सरकारको गैरजिम्मेवार कार्यको म भर्त्सना गर्दछु । सत्ता र कुर्सीका लागि राष्ट्रिय स्वाधीनता र हितलाई गौण ठान्ने सोच र व्यवहार निन्दनीय छ । 'सङ्कल्प प्रस्ताव' वा 'व्याख्यात्मक टिप्पणी' बाट सम्झौताका राष्ट्रघाती प्रावधानहरू सच्याइने कुरा गर्नु जनतालाई ठग्नु हो । यस्तो कुरा महाकाली सन्धि अनुमोदन गर्ने बेलाको निरर्थक 'सङ्कल्प प्रस्ताव' जस्तै हो । अतः राष्ट्रिय स्वाधीनता र हितका पक्षमा सशक्त रूपमा उठ्न देशभक्त नेपाली जनतालाई हार्दिक आह्वान गर्दछु । सम्झौताको अनुमोदनका पक्षमा उभिने नेताहरूलाई इतिहासले राष्ट्रप्रति गद्दारी गर्नेहरूका रूपमा अङ्कित गर्नेछ ।

***(प्रतिनिधिसभाको १५ गतेको बैठकमा नेपाल सरकार र एमसीसीबीच भएको सम्झौताका सम्बन्धमा प्रतिनिधिसभा सदस्य एमाले नेता भीम रावलले प्रस्तुत गरेको धारणा । सोही दिन राती संसद्ले राष्ट्रघाती एमसीसी पारित गरेको थियो–सम्पादक ।)***

# एमसीसीमा व्याख्यात्मक घोषणा चोर बाटो हो : नागरिक अगुवा

लेखक तथा नागरिक अधिकारकर्मी सूर्यराज आचार्य, युवराज सङ्ग्रौला, रत्नसंसार श्रेष्ठ, निनु चापागाईं, पिताम्बर शर्मा, दीपेन्द्रबहादुर क्षेत्री, श्याम श्रेष्ठ, ओम गुरुङ, बिन्दु शर्मा, हरि रोका, शरद वन्त, खगेन्द्र प्रसाईं, कृष्ण पौडेल, रामराज रेग्मी, विमल निभा, पुरुषोत्तम सुवेदी, सुदीप श्रेष्ठ र महेश मास्केले नागरिक अगुवाका नाममा विज्ञप्ति जारी गर्दै एमसीसीमा राजनीतिक दलहरूले नागरिकलाई भ्रममा राखेको बताएका छन् । १८ नागरिक अगुवाले सोमबार विज्ञप्ति जारी गरी एमसीसी सम्झौता हुबहु अनुमोदन गरेर व्याख्यात्मक घोषणा राख्नुलाई चोर बाटो भनेका छन् ।

'अमेरिकी प्रशासनले त्यसमा कमा र पूर्णविरामसमेत परिवर्तन हुन नसक्ने भनेको सन्दर्भमा एकातिर एमसीसी कम्प्याक्ट हुबहु अनुमोदन गर्ने र अर्कोतिर 'व्याख्यात्मक घोषणा' को लज्जास्पद चोर बाटो अवलम्बन गरेर आफू र आमजनतालाई भ्रमित बनाउने उदेकलाग्दो नाटक गठबन्धन दलले प्रदर्शन गरेका छन्', उनीहरूले विज्ञप्तिमा भनेका छन् । दलहरूले सत्ता गठबन्धन बचाउने नाममा व्याख्यात्मक घोषणाको भ्रामक प्रस्ताव अगाडि सारेर एमसीसी अुमोदन गरेको भन्दै अगुवाहरूले यसले कथित 'सार्वभौम संसद्को अपमान' गरेको पनि बताएका छन् ।

एमसीसी अनुमोदन गरेर सरकार नेपाललाई शक्तिराष्ट्रको राजनीतिक अखडा बनाउने काममा सहजकर्ता बनेको र मुलुकलाई द्वन्द्वमा धकेलेको उनीहरूको भनाइ छ। उनीहरूले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'तर नेपाली जनताले सदनमा रचिएको नाटकलाई स्वीकार्ने छैनन् र आफ्नो सार्वभौमिकता र संविधानको रक्षा गर्न अग्रसर हुनेछन् भन्नेमा हामी विश्वस्त छौं ।'

विज्ञहरूले अमेरिकी सहयोग परियोजना एमसीसीमाथि व्याख्यात्मक घोषणा गरेर 'सार्वभौम संसद्' को अपमान गरेको पनि बताएका छन् । सत्ता गठबन्धन बचाउन संसद्वादीहरूले व्याख्यात्मक घोषणाको भ्रम फैलाएको उनीहरूको विज्ञप्तिको सार छ।

एमसीसी पारित गर्न ल्याएको व्याख्यात्मक घोषणाको कुनै संवैधानिक र कानुनी हैसियत नहुने पनि बताएका छन् । वक्तव्यमा भनिएको छ, ' अन्तर्राष्ट्रिय मान्यताप्राप्त कानुनी सिद्धान्तअनुसार कुनै पनि सन्धिसम्झौता एकपक्षीय रूपमा संशोधन वा परिवर्तन हुन सक्दैन । भियना कन्भेन्सन अन ल : अफ ट्रिटिजको धारा ३१ का आधारमा गरिएको भनिएको सो एकतर्फी घोषणामा अन्तर्राष्ट्रिय मान्यता रहने भन्ने दाबी आधारहीन छ । धारा ३१ र यसका ४ उपधाराहरूमा कहींकतै पनि सन्धिको एउटा पक्षले एकपक्षीय रूपमा गरेको घोषणाले सन्धिका कुनै पनि प्रावधान र सर्त परिवर्तन हुन सक्छन् भन्ने उल्लेख गरिएको छैन ।'

उनीहरूले नेपाल सार्वभौमसत्ता सम्पन्न देश हो भने आफ्नो राष्ट्रिय हितविरुद्धका दफाहरू संशोधन पनि गर्न नसक्ने र लाचार छवि बनाउने अधिकार नेताहरूले कहाँबाट प्राप्त गरेका हुन् भनेर प्रश्नसमेत गरेका छन् । उनीहरूले एमसीसी जस्ताको त्यस्तै संसदबाट पारित हुन आपत्ति जनक भएको बताएका छन् ।

# एमसीसी अनुमोदन हुनु इतिहासकै ठूलो राष्ट्रघात : प्रगतिशील रूपान्तरण आन्दोलन

प्रगतिशील रूपान्तरण आन्दोलन नेपालले नेपालको संसद्बाट अमेरिकी सहयोग परियोजना एमसीसी सम्झौता अनुमोदन हुनु इतिहासकै ठूलो राष्ट्रघात बताएको छ । संसद्बाट आइतबार व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन भएको घटनापछि उक्त संस्थाले यस्तो धारणा सार्वजनिक गरेको हो ।

प्रगतिशील रूपान्तरण आन्दोलनका अध्यक्ष श्याम श्रेष्ठले सोमबार विज्ञप्ति जारी गर्दै एमसीसीले नेपाललाई अमेरिकाको इन्डो-प्यासिफिक रणनीतिको हिस्सा बनाउने दाबी गरेका छन् । व्याख्यात्मक घोषणाका नाममा जनताको आँखामा छारो हाल्ने काम मात्र भएको र यसले कुनै कानुनी हैसियत नराख्ने श्रेष्ठको धारणा छ ।

# एमसीसीबारे नियालिराखेका छौँ : चीन

प्रतिनिधिसभाबाट एमसीसी सम्झौता पारित भएको भोलिपल्ट सोमबार चीनले प्रतिक्रिया दिएको छ । चीनले नेपालको संसद्बाट भएको ' व्याख्यात्मक घोषणा' लाई 'ध्यान दिएको' भन्दै असन्तुष्टिसहितको प्रतिक्रिया दिएको हो । सोमबार बेइजिङमा नियमित पत्रकार सम्मेलनका क्रममा चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता वाङ वनपिनले नेपाली जनताको विकासको बाटो छनोटलाई समर्थन गर्ने बताएका थिए । उनले एक मित्रवत् छिमेकी र विकासको साझेदारका रूपमा चीनले सदाझैं नेपाली जनताको चाहनालाई समर्थन गर्ने बताए ।

प्रवक्ता वाङले अन्तर्राष्ट्रिय विकास सहयोगले पारस्परिक सम्मान र समान व्यवहारको सिद्धान्तलाई पालना गर्नुपर्ने र सम्बन्धित देशको सार्वभौमसत्ता र जनताको इच्छाको पूर्ण सम्मान गर्नुपर्ने कुरामा बारम्बार जोड दिने गरेको बताए । उनले अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने गरी कुनै राजनीतिक सर्त नराख्ने कुरामा चीनले जोड दिँदै आएको बताए । यसअघि एमसीसी पारित गराउन दबाब दिँदै अमेरिकाका एक मन्त्रीले नेपालका शेरबहादुर देउवा, पुष्पकमल दाहाल र केपी वलीलाई धम्कीपूर्ण फोन गरेको सन्दर्भमा प्रतिक्रिया दिँदै चीनले असन्तुष्टि व्यक्त गरेको थियो । अमेरिकको सहीे धम्कीबाट डराएर नेपालका संसद्वादी दलहरूले राष्ट्रघाती एमसीसी सदनबाट पारित गरेको टिप्पणी घरघरमा भइरहेको छ ।

यसअघि पनि चीनले एमसीसीबारे दुईपटक प्रतिक्रिया दिइसकेको थियो । नेपालको संसद्बाट एमसीसी पारित भएपछि चीनले दिएको यो पहिलो प्रतिक्रिया हो ।

# एमसीसी सैन्य गठबन्धनमार्फत थप राष्ट्रघात गर्ने दलाल पुँजीवादी सत्ताको खेल : बुद्धिजीवी सङ्गठन

नेकपा आबद्ध बुद्धिजीवीहरूको राष्ट्रिय सङ्गठन नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठनले अमेरिकाले लाद्न लागेको एमसीसी सम्झौता नेपालको असंलग्न परराष्ट्र नीतिविपरीत सैन्य गठबन्धनमार्फत थप राष्ट्रघात रहेको र दलाल संसदीय पुँजीवादी सत्ता यसमा संलग्न रहेको निष्कर्ष निकालेको छ ।

सङ्गठनका संयोजक व्यापक नेपालीले बिहीबार एमसीसीविरुद्ध प्रेस वक्तव्य जारी गर्दै राष्ट्रिय सार्वभौमिकताको रक्षाका लागि दमनकारी सत्ताको पानीको फोहोरा, अश्रुग्याँस, लाठी र गोली थापेर आन्दोलनमा होमिएका राजनीतिक दल र देशभक्त युवाहरूलाई सलाम गर्दै दमनकारी, देशद्रोही, दलाल सत्ताको खारेजी र शेरबहादुर सरकारको तत्काल राजीनामाका लागि आन्दोलनलाई गुणात्मक उचाइमा लैजान अपिल गरेका छन् ।

संयोजक व्यापकको वक्तव्यमा भनिएको छ, 'महाकाली नदीको मुहान र कालापानी-लिपुलेक क्षेत्र नै भारतलाई सुम्पने गरी राष्ट्रघाती टनकपुर-महाकाली सन्धिकर्ताकै नेतृत्वमा अमेरिकी सरकारको हिन्द-प्रशान्त सुरक्षा रणनीतिको अङ्ग एमसीसी परियोजना ऐतिहासिक भूराजनीतिक महत्व रहेको नेपालमा कार्यान्वयन गरी राष्ट्रिय स्वाधीनता र असंलग्न परराष्ट्र नीतिविपरीत सैन्य गठबन्धनमार्फत थप राष्ट्रघातमा यो दलाल संसदीय पुँजीवादी सत्ता संलग्न छ । राष्ट्रिय सार्वभौमिकताको रक्षाखातिर दमनकारी सत्ताको पानीको फोहोरा, अश्रुग्याँस, लाठी र गोली थापेर आन्दोलनमा होमिएका राजनीतिक दल र देशभक्त युवाहरूलाई सलाम गर्दछौँ । दमनकारी देशद्रोही दलाल सत्ताको खारेजी र शेरबहादुर सरकारको तत्काल राजीनामाका लागि आन्दोलनलाई गुणात्मक उचाइमा लैजान अपिल गर्दछौँ । दुई सय वर्षअघि बेलायती साम्राज्यवादविरुद्ध अपराजित नेपाल आज पनि साम्राज्यवादी संयुक्त राज्य अमेरिकाले हामीमाथि थोपरेको धम्कीपूर्ण युद्धविरुद्ध लड्न बाध्य भएको छ । यसरी साम्राज्यवादले हामीमाथि निरन्तर युद्ध थोपरिरहेकाले राष्ट्र र जनताको सुरक्षाका लागि नेपाललाई आणविक शक्ति सम्पन्न बनाउनुपर्नेछ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'सम्पत्ति र आय असमानताको पहाडमा टिकाइएको दलालनियन्त्रित नेपाली अर्थतन्त्र सङ्कटग्रस्त भएको छ । पुस महिनामा २१.२२ प्रतिशतसम्मको मूल्यवृद्धि हुनु, कुल वस्तु व्यापारघाटा रु.८८० अर्ब ४९ करोड र शोधनान्तर स्थिति रु.२४१ अर्ब २३ करोडले घाटामा रहनु, चालू खर्च रु.४०६ अर्ब ४१ करोड हुँदा पुँजीगत खर्च रु. ५० अर्ब ८१ करोड मात्र हुनु, अर्थतन्त्रको अधिकांश वित्तीय स्रोत केही सय व्यक्तिको मुठीमा सुम्पी अनुत्पादक र सट्टेबाजीमा लगाएर रातारात अर्बपति बनाई राष्ट्रिय उत्पादन नष्ट गरेकाले आम नागरिकलाई बेरोजगार र गरिब हुन बाध्य पारेको छ ।'

संयोजक नेपालीले अगाडि भनेका छन्, 'यो दलाल पुँजीवादी सत्ताका सबै अङ्ग (संविधान, न्यायालय, संसद्, सरकार, राजकीय संस्थाहरू) पूर्णतः असफल हुँदा पनि सैन्य क्षमताको आडमा टिकेको छ । २०५० को दशकको संसदीय सरकारका चरित्र दोहोरिरहेकाले समस्या व्यक्तिमा होइन, राजनीतिक प्रणालीमा छ भन्ने प्रमाणित भएको छ । साथै दलाल संसदीय व्यवस्थाबाट नेपालको अर्थ-राजनीतिक समस्या र पराधीनताको समाधान नभएकाले श्रमजीवी जनताको वास्तविक प्रजातन्त्रका लागि एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्न नेपाल कम्युनिस्ट पार्टीले गरेको आन्दोलन सही भएको प्रमाणित भएको छ । त्यसैले नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको तीनबुँदे सहमतिको पूर्ण पालना गरी राजबन्दीलाई तत्काल रिहा गर्न सरकारलाई आग्रह गर्दछौँ ।'

वक्तव्यको अन्त्यमा भनिएको छ, 'अतः जनयुद्धबाट प्राप्त गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षजस्ता आंशिक उपलब्धिलाई रक्षा गर्दै नेपालको गरिबी, बेरोजगारी, असमानता र पराधीनताको अन्त्य गर्न हालको दलाल पुँजीवादी संसदीय व्यवस्था नै अन्त्य गर्नुपर्ने भएकाले श्रमजीवी वर्ग, किसान, मजदुर, विद्यार्थी, सञ्चारकर्मी, युवा, वकिल, प्राध्यापक, डाक्टर, इन्जिनियर, वुद्धिजीवी, देशभक्त पेसाकर्मी र वामपन्थी राजनीतिक दलहरूलाई एकीकृत भएर तेस्रो जनआन्दोलन गरी वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापनार्थ नेतृत्वदायी भूमिका निर्वाह गर्ने ऐतिहासिक मौकालाई सदुपयोग गर्न आह्वान गर्दछौँ ।'

# सुर्खेतमा एमसीसीविरुद्ध कोणसभा

■ **रगवीर विश्वकर्मा**/सुर्खेत

संयुक्त जनआन्दोलन समिति सुर्खेतको आयोजनामा शुक्रबार एमसीसीविरुद्ध कोणसभा सम्पन्न भएको छ। कोणसभालाई सम्बोधन गर्दै राष्ट्रिय जनमोर्चा कर्णाली प्रदेश सचिव पूर्णबहादुर शाहीले जल, जङ्गल, जमिन, नदीनाला, खानी, जडीबुटी युरेनियमलगायत प्रँकृतिक स्रोत कब्जा गर्ने उद्देश्यले एमसीसी आएकाले खारेज हुनुपर्ने बताए ।

नेकपा माओवादी केन्द्र समाजवादीका कर्णाली प्रदेश इन्चार्ज धर्मराज बेडुवालले एमसीसीलाई स्वायत्तता दिँदै नेपालका ऐन, कानुन र संविधान समाप्त पार्ने कुचेष्टा भएकाले खारेज हुनुपर्छ बताए ।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका सुर्खेत जिल्ला अध्यक्ष यमनले भारतमा आएर जसरी अङ्ग्रेजले शासन गरेको थियो, त्योभन्दा खतरनाक तरिकाले आएकाले एमसीसी खारेज हुनुपर्ने धारणा राखे ।

नेकपा (क्रान्तिकारी माओवादी) का जिल्ला सदस्य विप्लवले संसारका धेरै ठाउँमा सेना राखेजस्तै नेपाललाई पनि आईपीएसको अङ्ग बनाउँदै आफ्नो सेना ल्याएर चीनलाई घेराबन्दी गर्ने भएकाले एमसीसी खारेज हुनुपर्छ बताए ।

सुर्खेतको एरीचोकमा शुक्रबार दिउँसो १ बजेदेखि ३ बजेसम्म सम्पन्न उक्त कोणसभामा कविता शाही र रमिता शाहीले एमसीसीविरोधी देउडा गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा केही गजल र कविता पनि प्रस्तुत गरिएको जानकारी कार्यक्रमक सञ्चालक विष्णुप्रसाद शर्माले दिए ।

वर्ष ७, अङ्क ३२, पूर्णाङ्क ३०२
रातो खबर साप्ताहिक

# एमसीसी र नेपालका कम्युनिस्ट

**शोभाराम रानामगर**

केही वर्षयता मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को विषयले नेपाली समाज दुई कित्तामा विभाजित भएको छ । आजको मितिसम्म आउँदा त झन् गहिरो भूराजनीतिक द्वन्द्वमा फस्दै गएको छ । राष्ट्रघाती एमसीसीका विपक्षमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, मोहन वैद्य नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) लगायत छ दल, दुई मोर्चा, नागरिक समाज र राष्ट्रवादीहरू देशैभरि प्रदर्शन, कोणसभा, मशाल जुलुस, चक्काजाम, नेपाल बन्द हुँदै निरन्तर संसद् भवन घेराउजस्ता सामान्यदेखि कडा सङ्घर्षका कार्यक्रमहरू गर्दागर्दै पनि संसद्वादीहरूले अमेरिकाको इशारा र धम्कीमा राष्ट्रघाती एमसीसी सदनबाट पारित गरेका छन् । एमसीसीविरुद्धको सङ्घर्षका क्रममा प्रहरीको पानीको फोहोरा, अश्रुग्याँस, लाठीचार्ज, गोली र गिरफ्तारीलाई सहजै पचाएर आन्दोलनकारीहरू अदम्य साहसका साथ अगाडि बढिरहेका छन् । अर्कोतिर एमसीसीका पक्षमा जनताले प्रतिपक्षमा बस्ने जनादेश दिएको नेपाली काङ्ग्रेस जसले सत्ताधारी कम्युनिस्टलाई फुटाएर आफ्नै नेतृत्वमा परमादेशमार्फत सरकार सञ्चालन गरिरहेको छ, प्रधानमन्त्री बनेका शेरवहादुर देउवा सत्ता, शक्ति र पदको व्यापक दुरुपयोग गरिरहेका छन् । कुकुरलाई हड्डी फालिदिएपछि झगडा, टोकाटोक गरेजस्तै नेपाली कम्युनिस्ट पार्टीहरूबीच हड्डी फालेर टुटफुट र झगडा पारेर पटकपटक फाइदा लिइरहेका शेरबहादुर र उनको पार्टी काङ्ग्रेसले फेरि त्यही विधिबाट एमसीसी पनि पारित गराएको छ । त्यति मात्र होइन, एमसीसी पारित गरी अमेरिकी विश्वास जितेर वामपन्थीहरूको पत्तासाप गर्ने दीर्घकालीन योजनामा देखिन्छ ।

एमसीसीविरुद्धको सङ्घर्षमा सत्ताबाहिरका ६ कम्युनिस्ट पार्टी सुरुदेखि ठोस धारणा बनाएर सङ्घर्षमा छन् । त्यसरी नै सत्ताभित्रका नेकपा (माके), नेकपा (एस), जसपा र प्रतिपक्ष नेकपा (एमाले) ले दोहोरो चरित्र नदेखाई विपक्षमा उभिन सक्नुपर्ने थियो तर अमेरिकी साम्राज्यवाद मुर्दावाद ! राष्ट्रिय स्वाधीनता जिन्दावाद ! को नारा लगाएर १० हजारभन्दा बढी योद्धाको सहादत प्राप्त जनयुद्धको सर्वोच्च कमान्डर प्रचण्डले पनि एमसीसीका पक्षमा मत दिएर पारित गराए । यो पारित गराउन पचण्डको नै प्रमुख भूमिका रह्यो । उनको भूमिकाका कारण उनको कार्यकर्ता नै पार्टीबाट विद्रोह गर्ने मनस्थितिमा पुगेका छन् । प्रचण्डको रँष्ट्रघाती चरित्र उदाङ्गो भएपछि भ्रममा रहेका जनता पनि प्रस्ट भएका छन् ।

यद्यपि भर्खरै काठमाडौँमा सम्पन्न आठौँ राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक दस्तावेजमा '१२ बुँदे शान्ति सम्झौता, सेना समायोजन, मुखमा संविधान मनमा विद्रोहको नीतिलगायत विषयमा जनवादी केन्द्रीयता मिचेर मनोगत र एकल निर्णय गर्नु गल्ती भयो' भनेर १५ वर्षपछि स्वीकार त गरे तर यतिबेला जनयुद्धमा मुख्य भूमिका निर्वाह गर्ने मोहन वैद्य 'किरण', विप्लव, बाबुराम भट्टराई, रामबहादुर थापा 'बादल' लगायत नेता, हजारौँ कार्यकर्ता, लाखौँ शुभचिन्तक र जनता धेरै टाढा पुगिसकेका छन् । यति हुँदाहुँदै पनि वचनबाट त स्वीकार गरे व्यावहारिक रूपमा के गर्छन् ? सबैले हेरिरहेका थिए । प्रधानमन्त्री शेरबहादुर देउवासँग मिलेर गोप्य रूपमा 'हामी संसद्बाट ४/५ महिनाभित्र एमसीसी पास गर्छौं' भनेर हस्ताक्षर गरी एमसीसी अध्यक्षलाई पठाएको पत्र सार्वजनिक भएपछि पठाएकै छैन भन्ने व्यक्तिले कूटनीतिक पत्र हो भनेर जबाफ दिए । कार्यकर्ता सडकमा पठाएको दुई दिनपछि सत्ता गठबन्धनको बैठकमा एमसीसी टेबुल गर्न सहमति गर्ने, संसद्मा टेबुल गरिरहँदा आफू चुप लागेर बस्ने तर देव गुरुङ, कृष्णबहादुर महराहरूलाई बिरोध गर्न लगाएको दुई घन्टापछि संसदीय व्यवस्था मानेपछि प्रक्रियामा जान दिनुपर्ने भो, विपक्षमा मतदान गर्छौं भने । महाधिवेशनमा विगतमा दोहोरो र एकल निर्णय गर्नु मेरो गल्ती भो भनेको २ महिना नपुग्दै व्यावहारिक रूपमा उल्टो भयो ।

सत्ता गठबन्धनमा सहभागी अर्को पार्टी नेकपा (एस) ले सरकारमा पनि रहने र कार्यकर्ता सडकमा पनि पठाउने, मन्त्रीहरूले पक्षमा र सांसदले विपक्षमा मतदान गर्ने कुरा गरेको थियो । त्यस्तैगरी जसपाभित्र उपेन्द्र यादव र बाबुराम भट्टराई एमसीसीका विषयमा विवाद चुलिएको थियो । राष्ट्रियताका विषयमा पार्टीभित्र एकमत नहुनु चरम अकर्मण्यता, अवसरवाद तुच्छता हो । त्यस्तै गरी नेकपा (एमाले) को इतिहास नै दोहोरो चरित्रको छ । कुनै पनि विषयमा खुला र स्पष्ट नहुने एमसीसीको सवालमा पनि सत्तामा हुँदा एउटा प्रतिपक्षमा हुँदा अर्को धारणा राख्ने गरेको छ । हामो पार्टीले कारबाही गरेका १४ जना सांसद्लाई कारबाही गरिदिनुपर्छ, होइन भने सभामुख अग्नि सापकोटालाई हटाउनुपर्छ भन्ने ससाना मागसँग राष्ट्रियता साट्नेजस्तो काँचो, अपरिपक्व र निकृष्ट कुरा हो । यद्यपि एमाले अन्यायमा परेको भए पनि राष्ट्रियतामा हानि पुग्ने सम्झौता गरेर न्याय प्राप्त हुँदैन । काङ्ग्रेसको एम्बुसमा एमाले पर्छ वा पर्दैन समयले पुष्टि गर्ला । एमालेसँग जनताले महाकाली सन्धि गरेदेखिको हिसाबकिताब गर्न बाँकी छ । एमसीसी पास गरेपछि अब काङ्ग्रेस, माके, जसपा, लोसपा र एसलाई जस्तै एमाले पार्टीलाई पनि जनताले खरानी बनाउनेछन् ।

कम्युनिस्टहरूमा विचारप्रतिको अटल विश्वास, क्रान्तिप्रतिको अनुपम लगाव, तुच्छ निजी स्वार्थप्रतिको घृणा, पार्टी र क्रान्तिप्रतिको बलिदान र समर्पण, अनुशासित र प्रतिबद्ध निष्ठा हुनुपर्छ । नेतृत्वले ठोस परिस्थितिको ठोस विश्लेषण गरी तत्काल निर्णय लिन सक्नुपर्छ । हैन भने आफ्नो व्यक्तित्व, आफ्ना कार्यकर्ता, आफ्नो पार्टी र देश विलय हुन सक्छ । नेतृत्वमा घमण्ड नभई जबाफदेही, स्पष्टता, नैतिकता र योग्यता आवश्यक हुन्छ । इतिहासका खासखास अवस्थामा कम्युनिस्ट नेतृत्वलाई चुनौती र अवसर आउने गरेका छन् । चुनौतीलाई अवसरमा परिणत गर्ने कि चुनौती सामना गर्न नसकी पतन हुने, त्यसो त वस्तुको विकास र विनास त्यसको आन्तरिक पक्ष प्रधान हुन्छ भने बाहिरी पक्ष सहायक हुन्छ भनेजस्तै नेपाली कम्युनिस्टहरूको विकास कि विनास भन्नेमा उनीहरूको आन्तरिक पक्ष नै प्रधान हुन्छ, अरू पक्ष सहायक हुन्छ । माकेको पतनमा यही कुरा मुख्य भयो । नेपाली कम्युनिस्टहरूलाई एमसीसीले चुनौतीसंगै अवसर पनि दिएको छ । यसलाई कम्युनिस्टहरूले विगतका कमजोरी सच्याउने अवसरका रूपमा लिनुपर्छ । विभाजित माओवादी घटक मात्र होइन, सम्पूर्ण कम्युनिस्टहरू एक हुने एउटा आधार तयार गर्न अवसरका रूपमा लिन सक्नुपर्छ ।

एमसीसीपारितभइसकेपछिसंसद्वादीकम्युनिस्ट पार्टीभित्र असन्तुष्टि र विद्रोहको मानसिकता प्रबल भएको छ । त्यहाँ विद्रोह र ध्रुवीकरणको प्रबल सम्भावना पनि छ । नेकपाका महासचिव विप्लवले 'एमसीसीविरुद्धको सङ्घर्ष र सकारात्मक पक्ष' तथा 'नयाँ ध्रुवीकरणको आवश्यकता' शीर्षक दुई लेखमध्ये पहिलोमा 'एमसीसीविरुद्धको सङ्घर्षमा सहभागी बनेका सबै देशभक्त अग्रगामी क्रान्तिकारी शक्तिले कम्तीमा एमसीसी खारेजी गर्ने तहसम्म पुग्नुपर्छ, सम्भव भएसम्म दलाल संसदीय व्यवस्थाको ठाउँमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने तहसम्म पुग्ने जोड लगाउनुपर्छ । यो परिणामका लागि आआफ्नो ठाउँबाट तयार बनौँ' भन्नुभएको छ। जसबाट एमसीसीविरुद्धको सङ्घर्षले एमसीसीको खारेजीसँगै समाजवादी यात्रा प्रारम्भ गर्नुपर्छ । त्यसका लागि आफू सदैव जस्तोसुकै योगदान गर्न तयार भएको कुरा स्पष्ट छ । नेपाली जनताका लागि त्याग्न बाँकी रहेको भौतिक शरीर पनि आवश्यकता परे त्याग्न तयार भएको कुरामा जनतालाई विश्वास छ ।

एमसीसीको विषयमा प्रचण्ड र उनको पार्टी माओवादी केन्द्रका लागि विगतका कमजोरी सुधार्ने अवसरका रूपमा लिने कि भष्मासुर हुने बाटो लिने भन्ने अग्निपरीक्षा थियो । यो परीक्षामा पनि उनको पार्टी र उनी असफल प्रमाणित भएका छन् । उनका सांसदहरूले संसद्मा विपक्षमा मतदान गर्ने मात्र होइन, भौतिक सङ्घर्षको नेतृत्वसमेत गर्नुपथ्र्यो तर उनी त लत्र्याकलुत्रुक गलेर एमसीसी पारित गराउने प्रमुख पात्र बन्न पुगे । यसको उचित हिसाबकिताब जनताले गर्नेछन् ।

अन्त्यमा आर्थिक, राजनीतिक र सांस्कृतिक सबै ढोकाहरूबाट साम्राज्यवाद प्रवेश गरेको छ । नेपालमा अमेरिकी साम्राज्यवाद एमसीसीका नाममा तीनवटै ढोकाबाट एकैपटक प्रवेश गर्नु नेपालको राजनीतिक भविष्यका लागि चुनौतीपूर्ण छ । एमसीसीको धारा ७ मा यो सम्झौता र नेपालको कानुन बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ भन्ने उल्लेख छ। एमसीसी कम्प्याक्टलाई नेपाल सरकारले सल्लाहसुझावसम्म दिन नपाउनेलगायत प्रावधान छन् । एमसीसी हिन्द प्रशान्त सैन्य रणनीतिको एउटा अङ्ग भएको कुरा अमेरिकी अधिकारीहरूले नै बताइसकेका छन् । त्यसैले एमसीसी खारेज गर्नुपर्छ । यसलाई लागू हुन दिनु हुँदैन । राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, अखण्डता र नेपाली भूमिको रक्षाका निम्ति सबै देशभक्तहरू, क्रान्तिकारी शक्तिहरू, प्रचण्डको राष्ट्रघातबाट विद्रोह गर्न तम्सिएका माकेका साथीहरू, पूर्वमाओवादी र सबै कम्युनिस्टहरू एक हौँ । एमसीसी खारेजी मात्र होइन, निकट भविष्यमा वैज्ञानिक समाजवाद प्राप्त गर्न सक्छौँ ।

# विरोधसभाको कार्यक्रम विशाल प्रदर्शन र संसद् भवन घेराउमा फेरियो

**काठमाडौँ ।**

राष्ट्रघाती एमसीसीविरुद्ध सडक सङ्घर्षमा होमिएका नेपाल कम्युनिस्ट पार्टीसहित ६ राजनीतिक दल र २ मोर्चाले फागुन १५ र १६ गतेको विरोधसभाको कार्यक्रममा परिमार्जन र विकास गरी काठमाडौँलगायत देशभर विशाल प्रदर्शन र काठमाडौँमा प्रदर्शनसहित संसद् भवन घेराउमा रूपान्तरण गरेका छन् । पाँचदलीय गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले विद्यमान सत्ता गठबन्धन फुटाएर र नयाँ गठबन्धन बनाएरै भए पनि राष्ट्रघाती एमसीसी सदनबाट पारित गराएरै छोड्ने षड्यन्त्र गरेपछि आन्दोलनरत दलहरूले काठमाडौँ खुलामञ्चको विरोधसभालाई विशाल प्रदर्शनमै रूपान्तरण गरी सडक सङ्घर्षलाई बढी प्रभावकारी बनाउने निष्कर्ष निकालेका हुन् ।

५ राजनीतिक दल र दुई मोर्चाको शनिबारमा नेकपाको केन्द्रीय कार्यालय बुद्धनगरमा बसेको बैठकले फागुन १५ र १६ गते घोषणा गरिएका जनसङ्घर्षका कार्यक्रममा व्यापक रूपमा सहभागिता जनाई एमसीसी कम्प्याक्टलाई खारेज गराएरै छाड्न सङ्घर्षरत राजनीतिक पार्टीहरू, सच्चा लोकतन्त्रवादीहरू, देशभक्त र आमनेपाली जनतामा विशेष आह्वान गरेको छ । बैठकले फागुन १५ र १६ गते काठमाडौँ उपत्यकामा माइतीघरमण्डलबाट विशाल विरोध प्रदर्शनसहित संसद् भवन घेराउ गर्ने र उपत्यकाबाहिर देशव्यापी रूपमा जिल्लाहरूमा विरोध प्रदर्शनसहित जिल्ला प्रशासन कार्यालय घेराउ गर्ने कार्यक्रम पनि ठोस गरी सार्वजनिक गरेको छ ।

बैठकपछि शनिबार साँझ जारी संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'फागुन ८ र १२ गतेको नयाँबानेश्वरको विरोध प्रदर्शन र संसद् भवन घेराउ कार्यक्रमबाट गिरफ्तार गरिएका नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य कमरेड वसन्त बोगटी, नेपाल कम्युनिस्ट पार्टीका कमरेडहरू विज्ञान रोक्का, हेमन्तराज खड्का र सुदर्शन पाण्डे, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका प्रदेश सदस्य क. भूपाल सेन्चुरीलगायत दर्जनभन्दा बढी आन्दोलनकारीलाई देउवा सरकारले अहिलेसम्म पनि रिहा नगरी झूट्टा मुद्दामा फसाउने षड्यन्त्र गरिराखेकाले षड्यन्त्र रोकी तत्काल रिहा गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौँ । १२ गतेको जनसङ्घर्षको कार्यक्रममा बानेश्वर अल्फाबिटानजिक गम्भीर घाइते भई अन्नपूर्ण न्युरो अस्पतालमा उपचारमा रहनुभएका अछाम जिल्लाका युवा हेमराज अवस्थीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ । उहाँको निःशुल्क उपचार गर्न नेपाल सरकारसँग विशेष माग गर्दछौँ ।'

संयुक्त प्रेस विज्ञप्ति जारी गर्नेहरूमा नेकपाका महासचिव विप्लव, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', नेकपा (मसाल) का महामन्त्री मोहाविक्रम सिंह, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेपाल कम्युनिस्ट पार्टी माओवादी समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी, देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका संयोजक आहुती छन् ।

# राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध झापामा प्रदर्शन

**प्रवीण विद्रोही** / झापा

काङ्ग्रेस नेतृत्वको गठबन्धन सरकारले राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट पास गरेको विरोधमा नेपाल कम्युनिस्ट पार्टीसहित ६ कम्युनिस्ट पार्टी र २ मोर्चाले झापामा संयुक्त प्रदर्शन गरेका छन् ।

झापाको काँकडभिट्टामा ६ पार्टी र २ मोर्चाले संयुक्त रूपमा ऱ्यालीसहितको कोणसभा गरेका हुन् । काँकडभिट्टाको बसपार्कबाट सुरु भएको ऱ्याली इलाका प्रहरी कार्यालयको उत्तर गेट हुँदै मेचीडाँडा, भट्टराईचोक हुँदै पुनः बसपार्क आएर कोणसभामा परिणत भएको थियो । ऱ्यालीमा अमेरिकी साम्राज्यवाद मुर्दावाद !, गो ब्याक एमसीसी, राष्ट्रघाती दलालहरू होसियार ! देश बेच्न पाइँदैन, एमसीसी हामीलाई चाहिँदैनलगायत नारा लगाइएको थियो ।

कोणसभाको सञ्चालन नेपाल कम्युनिस्ट पार्टीका जिल्ला कार्यालय सचिव सञ्जय राईले गरेका थिए भने कार्यक्रममा देशभक्त गणतान्त्रिक मोर्चा नेपालका तर्फबाट रवीन राई, वैज्ञानिक समाजवादी पार्टीका तर्फबाट राजु दास, नेकपा (क्रान्तिकारी माओवादी) का बालकृष्ण र नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट प्रशान्त थापाले सम्बोधन गरेका थिए ।

नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सचिव प्रशान्तले दलाल बनेर पैसाका लागि देश बेचेको भन्दै नेताहरूलाई पैसा चाहिए जनताले भिख दिने तर देश नबेच्न भन्दै खबरदारी गरे । कार्यक्रममा क्रान्तिकारी साहित्यकार कृष्णभक्त सिटौलाले देश नबेच्न खबरदारीसहित कविता वाचन गरेका थिए । उनले विदेशमा रहेका दाजुभाइ-दिदीबहिनीहरूलाई मातृभूमि रक्षाका लागि देश फर्कन आह्वान गरेका थिए ।

# नेकपा रामेछापले गऱ्यो जिल्ला प्रशासन कार्यालय घेराउ

**मन्थली ।**

नेकपा रामेछापले राष्ट्रघाती एमसीसी सम्झौता संसद्मा टेबुल गरिएको विरोधमा बिहीबार जिल्ला प्रशासन कार्यालय रामेछाप घेराउ गरेको छ ।

जिल्ला प्रशासन कार्यालयअगाडि आयोजित घेराउ र प्रदर्शन कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठले केही दलालहरूले एमसीसी राष्ट्रहितमा छ भनेर जनतालाई दिग्भ्रमित पारिरहे पनि यसको राष्ट्रघाती चरित्र र असरका विरुद्ध सिङ्गो देशभक्त र क्रान्तिकारी जनमतको आवाज सडकमा अभिव्यक्त भइरहेको बताए ।

नेपाली काङ्ग्रेस, नेकपा एमाले (विशेष गरेर केपी वली समूह) र बाबुराम भट्टराईहरूले खुलेरै अमेरिकी साम्राज्यवाको दलाली गरिरहेको, माके, एकीकृत समाजवादी, मधेसी दलभित्रको उपेन्द्र यादव समूह केही परिमार्जनसहित एमसीसी पारित गर्ने बहानामा एमसीसीकै पक्षमा रहेको र नेकपाको नेतृत्वमा ६ दल र २ मोर्चाले सञ्चालन गरेको एमसीसीविरोधी आन्दोलनले निर्णायक मोड लिइरहेको उनले बताए ।

जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रमलाई सम्बोधन गर्दै अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिवसमेत रहेका रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदीले सुगौली सन्धिदेखि एमसीसी सम्झौतासम्म आउँदा देशले धेरै लेन्डुप दोर्जेहरूका विरुद्ध धेरै भक्ति-भीमसेन र अमरसिंह थापाहरू जन्माइसकेको भन्दै राष्ट्रघाती एमसीसीविरुद्ध देशव्यापी उठेको आन्दोलनले जनविद्रोहको स्वरू लिँदै गएको बताए । दलाल पुँजीवादको अन्त्य र एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवादको स्थापनाले मात्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सुनिश्चितता हुने भन्दै उनले राष्ट्रियताको रक्षाका लागि घरघरबाट विद्रोहमा सामेल हुन आह्वान गरे ।

एमसीसीविरुद्ध र जनक्रान्तिका पक्षमा नारा लगाउँदै नेकपा रामेछापको कार्यालयबाट सुरु भएको ऱ्याली प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष अगाडि पुगी घेराउ र कोणसभामा परिणत भएको थियो । कार्यक्रममा नेकपा रामेछापका नेता-कार्यकर्ता, जिल्लाका विपिभन्न जवस र मोर्चाका नेता-कार्यकर्ता, नेकपा (क्रान्तिकारी माओवादी) का कार्यकर्ता र जनसमुदायको सहभागिता थियो ।

# नेपाल बन्दका कारण उदयपुर पूरै प्रभावित

■ **अनिता गजमेर** / उदयपुर

राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट पारित गरेको विरोधमा नेकपालगायत विभिन्न ६ पार्टी र दुई मोर्चाको संयुक्त आयोजनामा आह्वान गरिएको नेपाल बन्दका कारण सोमबार दिनभर उदयपुरको जनजीवन प्रभावित बन्यो ।

नेपाल बन्द सफल पार्न उदयपुरको कटारी नगरपालिका, बेलाका नगरपालिका, चौदण्डीगढी नगरपालिका, गढी गाउँपालिका र त्रियुगा नगरपालिकामा बिहानैदेखि नेकपालगायत बन्द आह्वानकर्ता पार्टीका नेता-कार्यकर्ता सडकमा खटिएका थिए । बन्दका कारण यहाँका उद्योगधन्दा, यातायात व्यवसाय, शौक्षिक संस्था सबै बन्द रहे ।

बन्दपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नेकपाका केन्द्रीय सदस्य उदयपुर-ओखलढुङ्गा इन्चार्ज विवेक कुमालले एमसीसी सम्झौताविरुद्धको नेपाल बन्द सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद दिए । राष्ट्रिय स्वाधीनता र स्वतन्त्रतामाथिको अमेरिकी साम्राज्यवादको नाङ्गो हस्तक्षेपका विरुद्ध नेपाल बन्द आह्वान गर्नुपरेको बताउँदै उनले कुनै पनि हालतमा राष्ट्रघाती एमसीसी कार्यान्वयन गर्न नदिने प्रस्ट पारे । आफ्नो पार्टीले शान्तिपूर्ण आन्दोलन गर्दा पनि सरकारले हिंसात्मक रूपमा दमन गरेर कयौँ नेता-कार्यकर्तालाई घाइते बनाएको भन्दै उनले जनताको आवाजलाई बन्दुकको भरमा दबाउन खोजेमा जनताले त्यसको जबाफ राम्रोसँग दिने चेतावनी पनि दिए । आफ्नो पार्टी तुरुन्तै सङ्घर्षको नयाँ कार्यक्रम लिएर जनतामाझ आउने जानकारी उनले दिए ।

क्रान्तिकारी माओवादीका मोहनसिंह तामाङले एमसीसी लागू हुन दिन सम्पूर्ण देशभक्त एक हुनुपर्ने बताएका थिए । कार्यक्रमको सञ्चालन देशभक्त जनतान्त्रिक मोर्चाका संयोजक लीलबहादुर बिश्वकर्मले गरेका थिए ।

# काठमाडौँमा राष्ट्रघाती एमसीसीविरुद्ध संसद् भवनअघि प्रदर्शन, देशभर कोणसभा

**काठमाडौँ ।**

नेकपासहित ६ राजनीतिक दल र दुई मोर्चाको आह्वानमा राष्ट्रघाती एमसीसीविरुद्ध काठमाडौँमा १३ गते पनि प्रदर्शन र देशभर कोणसभा आयोजना गरिएको छ ।

६ दल र दुई मोर्चाले यसअघि १६ गतेसम्म सांसदलाई अनुरोध गर्नेदेखि संसद् भवन घेराउसम्मका सडक संघर्षका कार्यक्रम सार्वजनिक गरेका थिए । निर्णयअनुसार ११ गते र १२ गतेका कार्यक्रमहरु भव्यतापूर्वक सम्पन्न भइसकेको जनाइएको छ। फागुन ११ गते उपत्यकामा सांस्कृतिक क्षेत्रलगायतको विरोध प्रदर्शन, फागुन ११ गते साँझ देशव्यापी मशाल जुलुस, १२ गते देशव्यापी जिल्ला प्रशासन कार्यालय घेराउ, काठमाडौँ उपत्यकामा माइतीघरमण्डलबाट प्रदर्शनसहित संसद् भवन घेराउ भइसकेको छ। संसद् भवन घेराउ कार्यक्रममा सरकारले आन्दोलनकारीमाथि राज्यसत्ताको अत्यधिक दुरुपयोग गरी क्रूरता प्रदर्शन गर्दै गोली, अश्रुग्याँस, पानीको फोहोरा, लाठी प्रहार गर्दै आएको छ । कयौँ प्रदर्शनकारी गिरफ्तार भएका छन् भने कयौँ गम्भीर घाइते भएर उपचार गराइरहेका छन् । काठमाडौँबाट जनपत्रकार सङ्घ केन्द्रीय सचिवालय सदस्य एवम् अग्रज पत्रकार सुदर्शनराज पाण्डेलाई समेत गिरफ्तार गरिएको जानकारी नेकपाका केन्द्रीय सदस्य एवम् रातो खबरका निर्देशक प्रज्वलनले दिए ।

फागुन १४ गते देशव्यापी जिल्ला प्रशासन कार्यालय घेराउ, काठमाडौँ उपत्यकामा माइतीघरमण्डलबाट प्रदर्शनसहित संसद् भवन घेराउ, १५ गते काठमाडौँमा विशाल विरोध प्रदर्शन एवम् बृहत् संयुक्त विरोधसभा, देशव्यापी विरोध प्रदर्शन, विरोधसभा र १६ गते विशेष सङ्घर्षसहित सङ्घीय सांसदहरूलाई एमसीसीविरुद्ध खडा हुन पत्राचार गर्ने कार्यक्रम सार्वजनिक भएको थियो ।

# नेपाल बन्दमा व्यापक गिरफ्तारी, पाल्पामा पत्रकारमाथि दुर्व्यवहार

**काठमाडौं ।**

सरकारले नेपाल बन्दका क्रममा व्यापक दमन, धरपकड र गिरफ्तारी बढाएको छ भने पत्रकारमाथि दुर्व्यवहार गरेको छ । राष्ट्रघाती एमसीसीविरुद्ध आह्वान गरिएको नेपाल बन्दका क्रममा देशभरबाट सयौँ आन्दोलनकारी गिरफ्तार भइसकेको आयोजकहरूले बताएका छन् । कञ्चनपुरलगायत कतिपय ठाउँमा प्रहरीले निर्मम लाठी प्रहार गरी आन्दोलनकारीलाई रक्तमुछेल पारेका विवरणहरू प्राप्त भएका छन् ।

यसै क्रममा प्रहरीले नेकपा निकट अखिल नेपाल लेखक सङ्घका महासचिव खोम तरामु मगरलाई रूपन्देहीबाट र नेकपाका युवा नेता दर्शन नेपालीलाई काठमाडौंको स्वयम्भूबाट गिरफ्तार गरेको समाचार प्रप्त भएको छ ।

यसैबीच पाल्पामा प्रहरीले पत्रकारमाथि दुर्व्यवहार गरेको छ । आज पाल्पाको सदरमुकाम तानसेनमा रिपोर्टिङमा रहेका पत्रकार र प्रशिक्षार्थी पत्रकारमाथि प्रेस परिचयपत्र देखाउँदादेखाउँदै पनि प्रहरिले जबर्जस्ती नियन्त्रणमा लिने प्रयास गरेको छ ।

पाल्पाका पत्रकार मोहन निवाङका अनुसार बन्दकर्ताहरुले सडकमा निस्केर शान्तिपूर्ण रुपमा नाराबाजी गर्दै तानसेन तम्घास रोड, माथिल्लो प्रेट्रोल पम्पदेखि लहरेपीपल, क्याम्पस रोड हुँदै आन्दोलनचोकमा कोणसभा गर्ने तयारी गरिरहेको समयमा प्रहरीले लहरे पीपल अदालतअगाडि र क्याम्पस रोडअगाडि रोक्ने प्रयास गरेको थियो । क्याम्पसपछाडिको घेरा तोडेर बन्दकर्ताहरु नाराबाजी गर्दै आन्दोलन चोक पुगेपछि प्रहरीले घेरा हाली नियन्त्रणमा लिएर हिरासत पुऱ्याएको छ । गिरफ्तार हुनेहरुमा नेपाल कम्युनिस्ट पार्टी पाल्पाका सेक्रेटरी भुवन जीसी, राष्ट्रिय जनमोर्चा पाल्पाका अध्यक्ष विशाल दर्लामी, नेकपा (क्रान्तिकारी माओवादी) पाल्पाका सचिव लीला श्रेष्ठ, टीकाराम पौडेल, लङ्क राना (केन्द्रीय सदस्य अखिल, क्रान्तिकारी), सुदीप विश्वकर्मा (संयोजक अखिल क्रान्तिकारी पाल्पा, वेदप्र साद विश्वकर्मा (उपाध्यक्ष, युवा सङ्गठन नेपाल पाल्पालगायत सातजना छन् ।

बन्दकर्ता सातजनालाई नियन्त्रणमा लिएपछि प्रहरीले पत्रकारमाथि दुर्व्यवहार गर्दै नियन्त्रणमा लिने प्रयास गरेको थियो । प्रशिक्षार्थी पत्रकार तथा रातो खबर साप्ताहिकका पाल्पा बजार व्यवस्थापक, जनपत्रकार सङ्गठन नेपाल पाल्पाकी जिल्ला उपाध्यक्ष मनीषा आले र एकीकृत सम्प्रेषण राष्ट्रिय मासिक एवम् अनलाइन पत्रिकाका संवाददाता विजय सारुलाई नियन्त्रणमा लिन प्रहरीले समातेका थिए । दुर्व्यवहारमा पर्ने पत्रकारहरुमा जनपत्रकार सङ्गठन नेपाल लुम्बिनी प्रदेश कोषाध्यक्ष तथा रातो खबरका संवाददाता, एकीकृत सम्प्रेषण मासिक र अनलाइन पत्रिकाका प्रधान सम्पादक मुक्ति गैरे, एकीकृत सम्प्रेषण राष्ट्रिय मासिक पत्रिकाका संवाददाता महेश काम्मुमगर छन् ।

## युवा सङ्गठनका नेता सागर र हिम्मत काठमाडौंबाट गिरफ्तार

काठमाडौं

राष्ट्रघाती एमसीसी सदनबाट पारित गर्ने पाँचदलीय गठबन्धन सरकारको षड्यन्त्रविरुद्ध सशक्त नेपाल बन्दमा उत्रिएका ६ राजनीतिक दल र दुई मोर्चाका नेता-कार्यकर्तामाथि सरकारले धरपकड र गिरफ्तार गरेको छ । काठमाडौंबाट प्रहरीले सोमबार बिहानै युवा सङ्गठन नेपाल नवलपुरका अध्यक्ष सागर र सङ्गठनकै कालीकोट उपाध्यक्ष हिम्मत विकलाई गिरफ्तार गरेको छ ।

गिरफ्तार गरिएका युवा नेताहरूलाई कहाँ लगिएको छ र कस्तो व्यवहार गरिएको छ भन्ने कुनै थाहा नदिइएको भन्दै युवा सङ्गठन नेपालले आक्रोश व्यक्त गरेको छ ।

बन्दमा राजनीतिक पार्टीको मात्र नभएर जनसमुदायको पनि उल्लेख्य र प्रभावकारी उपस्थिति रहेको बताइएको छ । काठमाडौंका चाबहिल स्वयम्भू, कलङ्कीलगायत क्षेत्रमा स्थानीय जनसमुदायले बन्दको अवज्ञा गर्न खोज्ने दर्जनौं यातायातका साधनमाथि कारबाही गरेको जनाइएको छ ।

## प्रदर्शनकारीमाथि गोली प्रहार, एकजना प्रदर्शनकारी गम्भीर घाइते

**काठमाडौं ।**

राष्ट्रघाती एमसीसी संसद्मा टेबुल गरिएको विरोधमा नेकपालगायत ६ राजनीतिक दल र दुई मोर्चाद्वारा आह्वान गरिएको साताव्यापी आन्दोलनको दोस्रो दिन बिहीबार काठमाडौं नयाँबानेश्वरको प्रदर्शनमा प्रदर्शनकारीमाथि गोली प्रहार गरिएको छ । यसैबीच अश्रुग्याँसको मुक्कासमेत लागेर गम्भीर भएका आन्दोलनकारी हेमराज अवस्थीको अवस्था गम्भीर रहेको घटनास्थलबाट प्राप्त समाचारमा जनाइएको छ । गम्भीर घाइते अवस्थीको टाउकोमा गम्भीर चोट लागेको छ । प्राप्त पछिल्लो समाचारअनुसार बानेश्वरस्थित एभरेस्ट नर्सिङ होमले उनलाई ट्रमा सेन्टरमा रिफर गरेको छ ।

आन्दोलनको नेतृत्व गरिरहेका दलहरूका अनुसार नयाँबानेश्वरबाट मात्र प्रहरीले कयौँ प्रदर्शनकारीलाई गिरफ्तार गरिसकेको छ । आन्दोलनकारी दलले सरकारको क्रूर दमनको निन्दा गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना र गिरफ्तार आन्दोलनकारीको शीघ्र रिहाइको माग गरेका छन् । ६ राजनीतिक दल र २ मोर्चाले १६ गतेसम्म सशक्त आन्दोलनको घोषणा गरेका छन् । हिजो बुधबार अखिल नेपाल जनसांस्कृतिक महासङ्घलगायत पाँच सांस्कृतिक मोर्चामा आबद्ध स्रष्टा र संस्कृतिकर्मीले काठमाडौंलगायत देशैभर सिर्जनाका माध्यमबाट राष्ट्रघाती एमसीसीको विरोध गरेका थिए भने आज काठमाडौंमा संसद् भवन घेराउ र देशभर जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको बताइएको छ ।

## कञ्चनपुरमा बन्दकर्तामाथि प्रहरीको बर्बर दमन

■ **गणेश एसके** / कञ्चनपुर

कञ्चनपुरको महेन्द्रनगरमा बन्दकर्तालाई प्रहरीले निर्ममतापूर्वक लाठी प्रहार गरेर घाइते बनाएको छ । बन्द गराउने क्रममा नेकपा कञ्चनपुर भीमदत्तनगर सचिव दीपेन्द्र ऐरी र अखिल क्रान्तिकारी कञ्चनपुरका सहसचिव हरिश ऐरीलाई प्रहरीले लट्ठी प्रहार गरी घाइते बनाएको हो ।

यस विषयमा नेकपाका जिल्ला सचिव जीवन परियारले राष्ट्रहितका लागि गरिरहेको शान्तिपूर्ण आन्दोलनलाई प्रहरीले दमन गरेको बताए । त्यो दमनलाई आफूहरूले सशक्त रूपमा प्रतिकार गर्ने उनले बताए । नेता परियारले भने, 'देशको राष्ट्रियता सङ्कटमा रहेको बेला सबैले यो बन्द र आन्दोलनलाई सहयोग र समर्थन गर्नुपर्छ । प्रहरीले दमन गर्ने नीति तत्काल रोक्नुपर्छ । नरोके असहज स्थिति पैदा हुनसक्छ ।'

यो अमर्यादित गतिविधिलाई प्रहरीले तत्काल रोक्नुपर्ने र जनताका जायज मुद्दालाई सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

## कैलालीमा नेपाल बन्दको पूर्ण प्रभाव

■ **पुष्पा साउद** / अत्तरिया

राष्ट्रघाती एमसीसी परियोजना खारेजीको माग गर्दै नेपाल कम्युनिस्ट पार्टीलगागत ६ राजनीतिक दल र २ मोर्चाद्वारा आज आह्वान गरिएको नेपाल बन्दको प्रभाव कैलालीमा पूर्ण रूपमा पऱ्यो ।

कैलालीको अत्तरियामा बन्दले अत्यधिक प्रभावित बनेको छ । अत्तरियापछि धनगढीलगायत जिल्लाका सम्पूर्ण व्यापार-व्यवसायहरू ठप्प भए । सार्वजनिक यातायातका साथै शैक्षिक संस्थाहरू पनि पूर्ण रूपमा बन्द भए । बजार सुनसान रह्यो । संयुक्त दलका नेता-कार्यकर्ताहरू दिनभर सडकमा एमसीसीविरोधी नारा लगाउँदै जुलुस प्रदर्शन गरे ।

## नेपाल बन्दले रुकुम पश्चिम पूर्ण रूपले ठप्प

■ **गमानसिङ घर्ती** / रुकुम पश्चिम

रुकुम पश्चिममा नेपाल बन्दको पूर्ण रुपमा प्रभाव परेको छ । बन्दका कारण रुकुम पश्चिमका सदरमुकाम खलङ्गा, बाँफीकोटको छिन्खेत बजार, सानोभेरीको सिम्ली बजार, चौरजहारी, आठबिसकोट, राडीलगायत बजारहरु, व्यापार, व्यवसाय, शिक्षण संस्थाहरु पूर्ण रुपमा बन्द भए । लामो तथा छोटो दूरीका सवारीसाधनहरु चलेनन् ।

संसद्बाट एमसीसी पारित गरिउको र त्यसको खारेजीको माग गर्दै नेपाल कम्युनिस्ट पार्टीसहित ६ राजनीतिक दल र २ मोर्चाले संयुक्त रूपमा घोषणा गरेको नेपाल बन्द रुकुम पश्चिममा पूर्ण रुपमा सफल भएको हो । बन्दकर्ताहरुले बिहानैदेखि बजारका मुख्य चोकहरुमा उपस्थित भएका थिए । बाँफिकोटको छिन्खेतमा बन्दकर्ताहरुले टायर बालेका थिए ।

# आठ दल–मोर्चाको नेपाल बन्द सशक्त

### राष्ट्रघाती एमसीसीविरुद्ध क्रान्तिकारी शक्ति र देशभक्त जनसमुदाय निर्णायक सङ्घर्षमा

**काठमाडौं ।**

राष्ट्रघाती एमसीसीविरुद्ध सडक सङ्घर्षमा होमिएका नेपाल कम्युनिस्ट पार्टीसहित ६ राजनीतिक दल र २ मोर्चाले फागुन १६ गते सशक्त नेपाल बन्द गरेका छन् । ६ दल र दुई मोर्चाको बैठकपछि जारी संयुक्त विज्ञप्तिमा नेपालका क्रान्तिकारी, देशभक्त, प्रगतिशील राजनीतिक शक्ति र नेपाली जनताले राष्ट्रिय रूपमा अस्वीकृत, विरोध र देशव्यापी जनसङ्घर्ष गर्दागर्दै पनि देउवा सरकारले रातारात एमसीसी कम्प्याक्ट पारित गर्ने मूर्खता गरिरहेको र यसका विरुद्ध राष्ट्रिय रूपमा प्रतिवाद सङ्घर्ष सञ्चालन गर्नु देशभक्त नेपाली जनताको कर्तव्य हुन पुगेकाले १६ गतेका लागि सशक्त नेपाल बन्द घोषणा गरिएको उल्लेख छ ।

संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'आज ६ कम्युनिस्ट पार्टी र २ वटा मोर्चाको आकस्मिक बैठक नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालय बुद्धनगर, काठमाडौंमा बस्यो । नेपालका क्रान्तिकारी, देशभक्त, प्रगतिशील राजनीतिक शक्ति र नेपाली जनताले राष्ट्रिय रूपमा अस्वीकृत, विरोध र देशव्यापी जनसङ्घर्ष गर्दागर्दै पनि देउवा सरकारले रातारात एमसीसी कम्प्याक्ट पारित गर्ने मूर्खता गरिरहेको छ । यसका विरुद्ध राष्ट्रिय रूपमा प्रतिवाद सङ्घर्ष सञ्चालन गर्नु देशभक्त नेपाली जनताको कर्तव्य हुन पुगेको विषयको यही संवेदनशीलतालाई दृष्टिगत गरी हामी ६ कम्युनिस्ट पार्टी र २ मोर्चाले तत्कालिक जनसङ्घर्षको कार्यक्रम घोषणा गरेका छौँ । यसलाई पूरै तागतका साथ सफल पार्न देशभक्त, वामपन्थी, प्रगतिशील, सच्चा लोकतन्त्रवादीहरूलगायत आम जनसमुदायमा विनम्र अनुरोध गर्दछौँ । साथै आज एमसीसीविरुद्धको आन्दोलनमा घाइते सम्पूर्ण देशभक्त योद्धाहरूको स्वास्थ्यलाभको कामना गर्दछौँ ।'

६ दल र २ मोर्चाले सार्वजनिक गरेको सङ्घर्षको कार्यक्रम यसप्रकार रहेको छ :

१.फागुन १५ गते बेलुका देशव्यापी मशाल जुलुस ।

२.फागुन १६ गते सशक्त नेपाल बन्द ।

नेपाल बन्दको घोषणासहित संयुक्त प्रेस विज्ञप्ति जारी गर्नेहरूमा नेकपाका महासचिव विप्लव, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंह, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेपाल कम्युनिस्ट पार्टी माओवादी समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी, देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका संयोजक आहुती छन् ।

## सिन्धुलीबाट नेकपाका जिल्ला सेक्रेटरीसहित १७ जना गिरफ्तार

**काठमाडौं ।**

नेपाल बन्दका लागि आह्वान र अनुरोधका साथ माइकिङ गर्दै हिँडेका नेकपा सिन्धुलीका सेक्रेटरी गोपाल ब्लोन, विशेष समिति सदस्य शशी राई, क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य भरत बुर्जासहित १७ जनालाई प्रहरीले १६ गते बिहान साढे सात बजे सिन्धुलीमाडीलगायत विभिन्न स्थानबाट गिरफ्तार गरेको छ । बन्द गराउन जनसमुदायलाई अनुरोध गर्दै हिँडेको समयमा प्रहरीले सेक्रेटरी ब्लोन, विशेष समिति सदस्य राई, नेकपाका जिल्ला सदस्यहरु भरत दाहाल, ज्ञानबहादुर मोक्तान, विक्रम तामाङ, आरएन तामाङलगायतलाई गिरफ्तार गरेको हो । ज्ञानबहादुर, विक्रम र आरएनलाई भने हरि हरपुरगढीबाट गिरफ्तार गरी कपिलाकोट प्रहरी चौकीमा राखिएको बताइएको छ ।

त्यसैगरी क्रान्तिकारी माओवादीका जिल्ला इन्चार्ज एवम् पार्टी केन्द्रीय सदस्य भरत बुर्जा, जिल्ला सेक्रेटरी, थलप्रसाद देवकोटा, प्रदेश सल्लाहकार इन्दिरा रायमाझी, हरि बस्नेत, देशभक्त जनगणतान्त्रिक मोर्चाका जिल्ला अध्यक्ष ढकप्रसाद देवकोटा र नरबहादुर सार्कीलाई पनि प्रहरीले सिन्धुलीमाडीबाट सामूहिक रूपमै गिरफ्तार गरेको सिन्धुलीबाट प्राप्त समाचारमा उल्लेख छ । अन्यत्रबाट पनि ६ जनालाई गिरफ्तार गरिएको नेकपा सिन्धुलीले जनाएको छ ।

## अर्घाखाँचीबाट आठजना गिरफ्तार

■ **अनिल नेपाली** / सन्धिखर्क

प्रहरीले अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कबाट आज अखिल (क्रान्तिकारी) का कार्यवाहक अध्यक्ष पदम नेपालीसहित ६ जना र अखिल (छैटौं) का अध्यक्ष जीवन नेपाली र उपाध्यक्ष प्रकाश चुँदालीसहित ८ जनाजनालाई गिरफ्तार गरेको छ । नेकपा नेता नवीन खड्काका अनुसार उनीहरूलाई बन्द आह्वान गर्दै गर्दा गिरफ्तार गरिएको हो ।

पाँचदलीय गठबन्धन सरकारले संसद्बाट राष्ट्रघाती एमसीसी पास गरेपछि त्यसको विरोधमा संयुक्त मोर्चाले सार्वजनिक गरेको विरोधको कार्यक्रमअनुसार आज नेपाल बन्द आह्वान गरिएको थियो । बन्दको पूर्ण रूपमा पालना गर्नुपर्ने भन्दै बन्द सफल पार्न सडकमा हिँडेका नेता-कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको हो । अर्घाखाँचीमा बन्दको पूर्ण प्रभाव परेको छ ।

एमसीसी सम्झौता अनुमोदन भएको विरोधमा आह्वान गरिएको नेपाल बन्दले अर्घाखाँची जिल्लाको जनजीवन पूर्ण रूपमा प्रभावित भएको छ । संसद्बाट एमसीसी सम्झौता अनुमोदन भएको विरोधमा विभिन्न ६ कम्युनिस्ट पार्टी र दुई मोर्चाले आज नेपाल बन्द आह्वान गरेका हुन् । बन्दका कारण जिल्लाबाट छुट्ने लामो तथा छोटो दूरीका सवारीसाधन छुटेका छैनन् भने शिक्षण संस्था, व्यापार, उद्योगधन्दा, कलकारखाना पूर्ण रूपमा ठप्प रहेका छन् ।

नेपाल कम्युनिस्ट पार्टी, नेकपा मसाल, नेपाल कम्युनिस्ट पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल, कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादीलगायत दलले एमसीसीको विरोधमा आज नेपाल बन्द आह्वान गरेका हुन । बन्दकर्ताले बन्दको पूर्वसन्ध्यामा हिजो साँझ जिल्लाका विभिन्न स्थानमा मशाल जुलुससहित विरोध प्रदर्शन गरेका थिए ।

# पाँच पार्टी र एक मोर्चाले एकै ठाउँमा मनाए सहिद सप्ताह

**अनिता गजमेर** / उदयपुर

सहिद सप्ताह २०७८ को पहिलो दिन नेपाल कम्युनिस्ट पार्टी उदयपुरको आयोजनामा उदयपुरको सदरमुकाम गाईघाटमा अन्य पाँचवटा कम्युनिस्ट पार्टी र एक मोर्चाको उपस्थितिमा सहिदको तस्बिरमा माल्यार्पण गरिएको छ ।

सहिद सप्ताह कार्यक्रमका प्रमुख अतिथि नेकपाका केन्द्रीय सदस्य तथा उदयपुर इन्चार्ज विवेक कुमालले महान् जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेललगायत जनयुद्ध र जनआन्दोलनका सहिद, बेपत्ता योद्धाहरू तथा एकीकृत जनक्रान्तिका महान् सहिदहरूलाई स्मरण गर्दै उनीहरूले देखाएको बाटोलाई प्रचण्ड-बाबुरामले बिचैमा छोडेर क्रान्तिलाई धोका दिए पनि आफूहरूले एकीकृत जनक्रान्तिमार्फत सहिदका सपनालाई पूरा गर्ने बताए । सहिदका सपना पूरा गर्नका लागि उनले सम्पूर्ण सहिद तथा बेपत्ता योद्धाका परिवारहरूलाई एकीकृत जनक्रान्तीमा लामबद्ध हुन आह्वान पनि गरे ।

सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले एकताबद्ध भएर जानुपर्ने र राष्ट्रघातीहरूका विरुद्धमा सङ्घर्ष गर्दै राष्ट्रिय स्वाधीनताको रक्षा गर्नुपर्नेमा उनले जोड दिए ।

अन्य राजनीतिक दलबाट नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज मोहनसिंह तामाङ, देशभक्त जनगणतान्त्रिक मोर्चाका जिल्ला संयोजक लीलबहादुर विक, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य गोकुल चाम्लिङ, मजदुर माओवादीका महासचिव हिलाल राई, नेकपाका केन्द्रीय सदस्य रामलाल तामाङ, नेकपा (क्रान्तिकारी माओवादी) का जिल्ला सचिव शङ्कर पौड्यालगायतले सहिदका सपना पूरा गर्न सबै कम्युनिस्ट पार्टी एक ठाउँमा सङ्गठित हुनुपर्ने बताए । वक्ताहरूले राष्ट्र र जनताको मुक्तिका निम्ति विभिन्न परिवर्तनकारी आन्दोलनमा सहादत प्राप्त गर्ने महान् सहिदहरूप्रती उच्च सम्मान गर्दै नेकपा उदयपुरले आयोजना गरेको सहिद सप्ताहमा आफूहरूलाई सहभागी गराएकोमा धन्यवाद दिए ।

कार्यक्रमको अध्यक्षता नेकपाका जिल्ला समिति सदस्य तथा नगरपालिका इन्चार्ज मीनप्रसाद पोखेलले गरेका थिए भने सञ्चालन नेकपाका जिल्ला सदस्य तथा विशेष पालिका इन्चार्ज रमेश कटवालले गरेका थिए ।

त्यसैगरी उदयपुरको कटारी नगर समितिले पनि सहिद सप्ताह २०७८ विभिन्न कार्यक्रम गरी मनाएको छ । उक्त कार्यक्रममा सहिदहरूको सालिकमा नेकपाका नेता-कार्यकर्ताले माल्यार्पण गरेका थिए ।

उक्त कार्यक्रमका प्रमुख अतिथि नेकपा उदयपुर जिल्ला सेक्रेटरी लक्ष्मण पौड्यालले ११ जना सहिद परिवारलाई खादा ओढाएर सम्मान गरेका थिए । साथै उनले महान् जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेललगायत जनयुद्ध र एकीकृत जनक्रान्तिका महान् सहिदहरूले देखाएको बाटोमा आफू र आफ्नो पार्टी सहिदको निरन्तर लडिरहने प्रतिबद्धता गरेका थिए । दलाल संसदीय व्यवस्थामा महान् सहिदहरूले बगाएको रगतको अपमान भएकाले सहिदको सपना पूरा गर्न यो दलाल संसदीय व्यवस्थाको अन्त्य गरेर वैज्ञानिक समाजवाद स्थापना गर्न जनक्रान्ति अघि बढिरहेको उनले बताए । पौड्यालले सम्पूर्ण सहिद परिवारहरूलाई एक ठाउँमा सङ्गठित भएर एकीकृत जनक्रान्तिलाई सहयोग गर्न अपिल पनि गरेका थिए ।

कार्यक्रमको अध्यक्षता उदयपुर जिल्ला सदस्य तथा कटारी नगरपालिका इन्चार्ज अमृत खत्रीले गरेका थिए भने सञ्चालन उदयपुर जिल्ला सदस्य तथा कटारी नगरपालिका सेक्रेटरी पुष्प कटवालले गरेका थिए ।

# सम्पर्क मञ्चका सचिव र कोषाध्यक्षसहित चारजना गिरफ्तार

**काठमाडौं ।**

जनगणतान्त्रिक सम्पर्क मञ्चका चारजना नेतालाई बन्द प्रचार गर्दै गर्दा प्रहरीले गिरफ्तार गरेको छ ।

मञ्चका अध्यक्ष रत्न मगरले दिएको जानकारीअनुसार बन्द आह्वान गर्दै गर्दा मञ्चका केन्द्रीय सचिव सुशील बलम्पाकी, केन्द्रीय कोषाध्यक्ष निश्चल थापा, केन्द्रीय सदस्य राजु कार्की र मञ्चका काठमाडौं–ओखलढुङ्गा अध्यक्ष जीवन बुढाथोकीलाई प्रहरीले सुकेधाराबाट गिरफ्तार गरेको हो ।

नेकपा सम्बद्ध मञ्चका नेताहरूलाई गिरफ्तार गरी नयाँ बसपार्क गोंगबु प्रहरी चौकीमा राखिएको जानकारी मञ्चका खेम प्रधानले दिएका छन् ।

## दोलखामा नेपाल बन्द प्रभावकारी

**दोलखा ।**

दोलखामा नेपाल बन्द प्रभावकारी बनेको छ । नेपाल कम्युनिस्ट पार्टी दोलखाले कालिञ्चोक गाउँपालिका वडा नं. २ मा राष्ट्रघाती एमसीसीविरुद्ध जनप्रदर्शन कार्यक्रम सम्पन्न गरेको छ ।

प्रदर्शनमा उपस्थित नेता-कार्यकर्ताले एमसीसी खारेज गर ! नेपाल कम्युनिस्ट पार्टी जिन्दावाद ! एकीकृत जनक्रान्ति जिन्दावाद ! नेपाल बन्द सफल पारौँलगायत नारा लगाएका थिए ।

एमसीसीविरुद्ध आयोजित जनप्रदर्शन दोलखा जिल्ला सदस्य जयकुमार थामी र वडा सेक्रेटरी नन्दु किराँती थामीको नेतृत्वमा भएको जनाइएको छ ।

सन्दर्भ : सहिद सप्ताह २०७८

# सहिद तथा बेपत्ता नागरिक र राज्यको दायित्व

## आधार-पत्र

**विषय प्रवेश**

नेपाली जनताले सदियौँदेखि सामन्तवाद, साम्राज्यवाद, विस्तारवादसमेतका विरुद्ध स्वाधीन र समुन्नत राष्ट्र निर्माणका निमित्त अर्थात् आर्थिक, राजनीतिक, समाजिक, सांस्कृतिकलगायत समग्र क्षेत्रमा आमूल परिवर्तनका निम्ति निकै लामो समयदेखि कठिन र ठूल्ठूला लडाइँ लड्दै आएका छन् । अनेकौँ जनसङ्घर्ष, वर्गसङ्घर्ष, जनआन्दोलन एवम् जनयुद्धसमेत सम्पन्न भएका छन् । यसमा असङ्ख्य त्याग, बलिदान र उत्सर्गका उच्च कीर्तिमानहरू कायम भएका छन् । यही त्याग र बलिदानका बीचमा सात साल, सत्र सालजस्ता क्रान्ति र प्रतिक्रान्ति हुँदै सापेक्षिक रूपमा परिवर्तनहरू पनि हुँदै आए । यसरी नेपाली जनताको निरन्तर बलिदानीपूर्ण सङ्घर्ष र युद्धका बीचबाट अहिले देशमा लामो समयदेखिको राजतन्त्रको अन्त्य भए




पनि जनताले गणतान्त्रिक राज्य व्यवस्थाको महसुस गर्न सकिरहेको अवस्था छैन । सामन्त, दलालको ठाउँ पुँजीवादका दलालले लिएका छन् । जनस्तरमा सामाजिक एवम् वर्गीय अन्तर्विरोधको खाडल बढ्दो छ । लैङ्गिक विभेद छ । छुवाछूतजस्तो अमानवीय अवस्था विद्यमान छ । भ्रष्टाचार सत्तामा बस्नेहरूले नै गरिरहेका छन् । शिक्षा, स्वास्थ्य, रोजगारजस्ता क्षेत्रमा दलालहरूको नियन्त्रण छ । यसको नीति निर्माण तहमा दलालहरूकै प्रभाव छ । देशको सिमाना र आत्मसम्मानमा विदेशी हस्तक्षेप हुँदा पनि सरकार निरीह देखिन्छ । समग्रमा भन्नुपर्दा नेपाली जनता पूर्ण सार्वभौम, अधिकारसम्पन्न हुनसकिरहेको अवस्था छैन । यसबाट नेपालमा हालसम्म भएका सबै सङ्घर्ष, आन्दोलन, युद्ध एवम् क्रान्तिबाट पनि नेपाली जनता उत्पीडन, शोषण, दमनबाट मुक्त हुनसकेको अवस्था छैन । सहिद, बेपत्ता योद्धाहरूको सपना पूरा हुन सकेको छैन । यी त्याग र बलिदानलाई संस्थागत गर्दै आमूल परिवर्तनको यात्रा पूरा गर्ने चुनौती आज हाम्रासामु खडा छ ।

**त्याग र बलिदानको ऐतिहासिक पृष्ठभूमि**

राष्ट्रिय स्वाभिमानका लागि नालापानीको युद्धदेखि नेपाली जनताले रगत बगाउँदै आएको इतिहास छ । सामन्ती सत्ताका विरुद्ध लखन थापा नेपालको इतिहासमा जङ्गबहादुरको राणा पालामा पहिलो सहिद मानिन्छन् । जनताको मुक्तिका लागि, राष्ट्रिय स्वाधीनताका लागि, जनतन्त्र एवम् जनजीविकाका लागि थुप्रै नेपालीले रगत बगाए । गङ्गालाल, धर्मभक्त, दशरथ, शुक्रराजलगायतको सहादतपछि पनि नेपाली जनता निरन्तर सङ्घर्षरत रहे । २००९।१० सालतिर किसान आन्दोलनका नेता भीमदत्त पन्त र २०१० सालमा कर्णाली क्षेत्रमा कम्युनिस्ट जागरण फैलाउने कामी बुढा पनि सहिदको पङ्क्तिमा आउँछन् । झापा आन्दोलनका क्रममा सुखानीको जङ्गलमा होनहार योद्धाहरूले २०२९ फागुन २१ गते सहादत प्राप्त गरे । पञ्चायतीकालमा तत्कालीन अदालतको फैसलाबाट कप्तान यज्ञबहादुर थापालाई मृत्युदण्ड दिइयो । २०४६ सालमा थुप्रै योद्धाहरूले सहादत प्राप्त गरेका थिए, बेपत्ता पारिएका थिए । त्यसपछि पनि देशको आमूल परिवर्तन र जनताको मुक्तिका लागि सङ्घर्षको क्रम निरन्तर रूपमै रह्यो । ०५२ साल फागुन ०१ गतेदेखि नेकपा (माओवादी) को नेतृत्वमा नेपाली जनताले चलाएको जनयुद्धका क्रममा ०५२ फागुन १४ गते गोरखाका विद्यार्थी दिलबहादुर रम्तेल जनयुद्धको प्रथम सहिद हुन पुग्नुभयो भने कास्कीका फणिन्द्र सिम्खडा पहिलो बेपत्ता योद्धा हुनुभयो । यस क्रममा १० हजारभन्दा बढी योद्धाहरूले सहादत प्राप्त गरेका छन् । एक हजारभन्दा बढी योद्धाहरू बेपत्ता बनाइएका छन् । दुई हजारभन्दा बढी घाइते तथा अपाङ्गताको स्थितिमा छन् । त्यसैगरी, ०६२-६३ को जनआन्दोलनमा २३ जनाले सहादत प्राप्त गरे । मधेस आन्दोलनलगायत आदिवासी जनजाति आन्दोलनमा पनि थुप्रै होनहार योद्धाहरूले सहादत प्राप्त गरेका छन् । एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था स्थापनाका लागि आन्दोलनरत सर्लाहीका कुमार पौडेल, भोजपुरका निरबहादुर राई र तीर्थ घिमिरे, दाङका गोकुल रानामगर, बझाङका चन्द्रबहादुर सिंह, बागलुङका विष्णु भण्डारी, कालीकोटका विभुराम विक, रामेछापका रामकुमार श्रेष्ठ, कालीकोटका धनरूप बटाला, बझाङका प्रज्वल शाही र रामबहादुर सिंह, म्याग्दीका जगेन्द्र पुनसमेत १२ जना होनहार योद्धाहरूले सहादत प्राप्त गरेका छन् ।

त्याग, बलिदान र आमूल परिवर्तन

महान् सहिदहरू, बेपत्ता योद्धाहरू, घाइते/अपाङ्ग योद्धाहरूको उद्देश्य नेपालमा सदियौँदेखिको एकात्मक सामन्तवादी राजतन्त्रात्मक क्रूर राज्यव्यवस्थाको अन्त्य र जनताको गणतन्त्रात्मक व्यवस्थाको स्थापना गर्ने थियो । यी उद्देश्य प्राप्तिका लागि प्रतिनिधिमूलक सङ्घर्ष भनेको सशस्त्र जनयुद्ध नै थियो । जनयुद्धका क्रममा नेकपा (माओवादी) र संवैधानिक राजतन्त्रका पक्षमा रहेका सात दलबीच २०६२ साल मङ्सिरमा १२ बुँदे सहमति भएको थियो जसमा संविधानसभाको निर्वाचन गर्ने, राजतन्त्रको अन्त्य गर्ने र तत्कालीन राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक आधारमा वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय समस्या समाधान गरी पूर्ण लोकतान्त्रिक व्यवस्था स्थापना गर्ने भन्ने उल्लेख गरियो तर ती सहमति कार्यान्वयन भएनन् । राजतन्त्रको अन्त्य भए पनि जनताको गणतन्त्र स्थापना हुन सकेन र सहिदको आमूल परिवर्तनको सपना अधुरै रह्यो ।

**त्याग र बलिदानको पहिचान**

नेपाली बृहत् शब्दकोशका अनुसार सहिद भन्नाले आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रताको प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्तिलाई बुझाउँछ । त्यसैगरी अक्सफोर्ड शब्दकोशका अनुसार आस्था र विचारका आधारमा गम्भीर रूपले सताइएका वा मारिएका व्यक्ति सहिद हुन् । हाम्रो देशमा पनि यस्ता महान् योद्धाहरू जन्मिए जसले देश र जनताको मुक्तिका लागि एउटै महान् विचार र उद्देश्य लिएर प्राण उत्सर्ग गरे; बेपत्ता पारिए ।

त्याग र बलिदानको चाहनाअनुसारको संविधान बन्न नसकेको र राज्यसत्ता निर्माण नभएको अवस्थामा आज देशमा अराजकता व्याप्त छ । सहिद भन्ने शब्दको नै मर्यादा कायम राख्न हामीलाई हम्मेहम्मे परिरहेको छ । सडक दुर्घटनामा मृत्यु भएकालाई, व्यक्तिगत झैझगडा वा कुटपिटबाट मृत्यु भएकालाई, आपराधिक गतिविधिका कारण मारिएका समेतलाई पनि सहिद घोषणा गराउने, क्षतिपूर्ति माग गर्नेजस्ता कुराहरू त चलन नै हुन थालिसके । यस्ता विकृतिले गर्दा वास्तविक महान् सहिदप्रति अन्याय गर्न खोजिएको अनुभूति सबैलाई हुनु स्वाभाविकै हो । जनयुद्धका सम्पूर्ण सहिदहरूलाई राज्यले सहिद घोषणा गरी मान्यता दिन किन अनकनाइरहेको छ जब कि जनआन्दोलन २०६२/६३ का क्रममा मृत्युवरण गर्नेहरूलाई सरकारले सहिद घोषणा गरी मान्यता दिइसकेको छ । राज्यको यस्तो क्रियाकलापले सहिदहरूलाई एउटा कुनै दलसँग मात्र जोडेर यो पक्षको वा ऊ पक्षको भनेर सहिदहरूको योगदानको अवमूल्यन गरेको देखिन्छ । हिजो जनयुद्धका समयमा राजाको निर्देशनमा आफू सरकारमा हुँदा आफ्नो पक्षका तर्फबाट सुराकी गर्ने, गणतन्त्र र सङ्घीयताका पक्षधर अर्थात् जनयुद्ध पक्षधर जनतालाई अपहरण र पक्राउ गर्ने, मार्ने, गुन्डागर्दी गर्ने जस्ता कार्यमा संलग्नलाई आज आफू सरकारमा आएपछि हतारहतार सरकारबाट सहिद घोषणा गरिएका दृष्टान्त पनि छन् । सरकारको यस्तो कार्यले सहिदको अपमानबाहेक अरू के हुन सक्ला र ? जसको एजेन्डा एकात्मक प्रणालीको संवैधानिक राजतन्त्र थियो, जो जनताबाट अस्वीकार गरिएको छ त्यस्तोलाई सहिद घोषणा गर्ने अनि जसको एजेन्डा संविधानसभा, गणतन्त्र, सङ्घीयता समग्र जनताबाट स्वीकार गरिएको छ, उहाँहरूलाई सहिद घोषणा गर्नेतर्फ अनकनाउने ? यसले त 'सहिद' शब्दको परिभाषा र अन्तर्राष्ट्रिय मान्यताको समेत खिल्ली उडाएको भान भइरहेको छ । सहिद शब्दको योभन्दा अवमूल्यन के हुनसक्छ ? लखन थापा, भीमदत्त पन्त, कामी बुढा, कप्तान यज्ञबहादुर थापालाई राज्यका तर्फबाट सहिदको औपचारिक मान्यता किन नदिइएको हो ? जब कि उहाँहरूलाई नेपाली जनताले सहिद मानिआएका छन् । त्यसैगरी सुखानीमा सहादत प्राप्त गर्नेदेखि लिएर गोरखाका दिलबहादुर हुँदै जनयुद्धका क्रममा सहादत प्राप्त गर्नेहरू, मधेस, आदिवासी जनजातिलगायत आन्दोलनहरूमा सहादत प्राप्त गर्नेहरूलाई तथा पछिल्लोपटक एकीकृत जनक्रान्तिमा सहादत प्राप्त गर्नेहरूसमेतलाई राज्यले सहिद घोषणा गर्नैपर्छ ।

जनताको मुक्तिका लागि जनयुद्धका क्रममा लड्दालड्दै राज्यको कब्जामा परी बेपत्ता पारिएका हजारौँ नागरिक छन् । ०४२ सालमा वा ०४६ सालमा वा ०५२ सालपछि यस्ता धेरै नागरिक राज्यसत्ताद्वारा पक्राउ गरी बेपत्ता पारिए । खासगरी ०५८ मङ्सिरमा जनयुद्ध दबाउन राज्यले सङ्कटकाल घोषणा गरी सेना परिचालन गरिसकेपछि यस्तो कार्य राज्यले व्यापक रूपमा योजनागत ढङ्गले गर्न थाल्यो । हजारौँ योद्धाहरू पक्राउ गरिए र बेपत्ता पारिए जुन एकदमै क्रूर र नृशंस अपराध मानिन्छ । यी बेपत्ता पारिएका योद्धाहरूका बारेमा छानबिन गरी यथार्थ पत्ता लगाउन कानुन र आयोग बनाइए पनि हालसम्म आयोगबाट परिणाममुखी काम हुनसकेको छैन । बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक हुन सकिरहेको छैन । बेपत्ता पारिएका नागरिकहरूको यथाशीघ्र छानबिन गरी यथार्थ पत्ता लगाई सार्वजनिक गरिनुपर्छ । उहाँहरूको योगदान संस्थागत गरिनुपर्छ । उहाँहरूका परिवारको अभिभावकत्व राज्यले ग्रहण गर्नुपर्छ । पक्राउ गरी बेपत्ता पार्ने कार्यमा संलग्नलाई कारबाही गर्नुपर्छ ।

त्यसैगरी जनयुद्धका क्रममा संविधानसभा, गणतन्त्र र सङ्घीयताका पक्षमा लड्दालड्दै अङ्ग-प्रत्यङ्ग गुमाएका, घाइते तथा अपाङ्गता भएका यी योद्धाहरूका सम्बन्धमा तथा दुस्मनको कब्जामा परी क्रूर यातनाका साथ बन्दी जीवन बिताएका योद्धाहरूको पनि राज्यले योगदानको संस्थागत गर्दै उहाँहरूको औषधोपचार, उहाँहरूका परिवारको व्यवस्थापनजस्ता विषयको कार्यान्वयन गर्नुपर्छ ।

**निष्कर्ष**

सहिद, बेपत्ता योद्धा तथा घाइते, अपाङ्गता भएका योद्धाहरू तथा यातनापूर्वक बन्दी जीवन बिताएका योद्धाहरूको त्याग र बलिदानको राज्यले संस्थागत गर्नु भनेको उहाँहरूको सपना पूरा गर्नु हो । उहाँहरूको सपना भनेको जनता पूर्ण रूपमा सार्वभौमसत्ता सम्पन्न हुनु हो । तर अहिलेसम्म सहिदको सपनाअनुरूप नेपाली जनता पूर्ण रूपमा सार्वभौमसत्ता सम्पन्न हुनसकेका छैनन् । आजसम्मका त्याग र बलिदानबाट प्राप्त सीमित उपलब्धिको रक्षा गरौँ भन्ने नाममा सहिद र बेपत्ता योद्धाको अपमान राज्यद्वारा नै भैरहेको छ जब कि संविधानको मौलिक हकमा सामाजिक न्यायको हक भन्दै परिवर्तनका लागि भएका सशस्त्र सङ्घर्ष एवम् कम्तीमा जीवन उत्सर्ग गर्ने सहिद पारिएका, बेपत्ता पारिएका व्यक्तिका परिवारसमेतलाई उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगार, आवास र समाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ भन्ने उल्लेख छ तर राज्यले लागू गर्नुपर्ने दायित्व पूरा गरेको देखिन्न ।

यसबारेमा आमजनता, राजनीतिक दल, नागरिक समाज गम्भीर एवम् संवेदनशील ढङ्गले लाग्नुपर्ने हुन्छ । यी महान् योद्धाहरूको त्याग र बलिदान समग्र जनताको मुक्तिका लागि अर्थात् नेपाली जनता पूर्ण रूपमा सार्वभौमसत्ता सम्पन्न हुनका लागि भएकाले त्यो प्राप्त नभएसम्म हामी नेपाली निरन्तर क्रान्तिको बाटोमा लाग्नैपर्ने हुन्छ । त्यसैले त्याग र बलिदानको आजसम्मको उपलब्धिको रक्षा गर्दै ती महान् योद्धाहरूको सपना पूरा गर्न आमूल परिवर्तनका लागि अगाडि बढ्नु आजका पुस्ताको मूल कर्तव्य र दायित्व हो । यसमा तगारो हाल्ने जोकोही विस्तारवादी, साम्राज्यवादी, सामन्तवादी, दलाल पुँजीवादीलगायत सबैखाले प्रतिक्रियावादीहरूका विरुद्ध जनताले विद्रोह गरी आफ्नो पूर्ण अधिकार प्राप्त गरेपछि मात्र त्याग र बलिदान साँचो अर्थमा संस्थागत गरिएको ठहर्नेछ । राष्ट्र आमूल परिवर्तनमा प्रवेश गर्नेछ ।

*(जनक्रान्तिका महान् सहिद परिवार सङ्गठन नेपाल, केन्द्रीय कार्यसमिति र राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज नेपाल, केन्द्रीय समितिद्वारा आयोजित गोष्ठीमा प्रस्तुत आधारपत्रमा आधारित । प्राविधिक कारणले सङ्ख्या भने उल्लेख गरिएको छैन- सम्पादक ।)*

**महालक्ष्मी नगरपालिका स्वाथ्य शाखाको सूचना**

गर्भवती महिलामा साधारण रुघा खोकी (ज्वरो, खोकी ) मात्र भएपनि तुरुन्तै सम्बन्धित स्थानमा र कोभिड-१९को सम्भावित जोखिममा भएका व्यक्तिहरुको लागि बनाइएको परामर्श केन्द्रमा सम्पर्क गर्नुहोला । स्थानिय क्लिनिक अथवा प्रिफेक्चर चिकित्सा संघमा पि. सि. आर परीक्षण (PCR test) उपलब्ध छ।

**महालक्ष्मी नगरपालिका स्वाथ्य शाखा**
जितपुर, धनकुटा, १ नं. प्रदेश

*सहिद सप्ताह २०७८ को हार्दिक शुभकामना !*

*सहिद सप्ताह नेपालको आमूल परिवर्तनका लागि २०५२ सालमा आरम्भ भएको महान् तथा ऐतिहासिक जनयुद्धले सिर्जना गरेको महान् पर्व हो । यो ऐतिहासिक पर्वका अवसरमा सहिदका सपना पूरा गर्ने प्रतिबद्धताका साथ सम्पूर्ण जिल्लाबासीमा सहिद सप्ताह २०७८ को हार्दिक शुभकामना प्रकट गर्दछौँ ।*

**जिल्ला खेलकूद विकास समिति**
कालीकोट, कर्णाली प्रदेश

**बीउ सम्बन्धी महत्वपूर्ण जानकारी**

- बीउ एक जीवित वस्तु हो र बीउ कहलिन यसमा जीवितपन भई खेतबारीमा छरेपछि उम्रने हुनुपर्दछ । "सबै बीउ अन्न वा दाना हुनसक्छ तर सबै अन्न वा दाना बीउ हुन सक्दैन ।"
- उन्नत गुणस्तरयुक्त बीउ कृषि उत्पादन बृद्धिका लागि एक आवश्यक पूर्वाधार पनि हो ।
- उन्नत गुणस्तरयुक्त बीउको प्रयोग गर्दा १० देखि ३० प्रतिशत बीउको दरमा कटौति गर्न सकिन्छ ।
- उन्नत गुणस्तरयुक्त बीउको प्रयोगबाट उत्पादनको मात्रा बढ्ने मात्र हुँदैन, उत्पादन भएको उपज एकनाले भई बजारमा बढी मूल्य पाउन सकिने हुन्छ ।
- गुणस्तर बीउमा बेजात, अन्य बाली तथा झारपात र अन्य बाली आदि उखेल्न लाग्ने श्रम तथा खर्च कम हुन जाने हुन्छ ।

**कर्णाली प्रदेश सरकार**
**भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**
**एकीकृत कृषि प्रयोगशाला**
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

**कर्णाली प्रदेशको नियमन क्षेत्राधिकारभित्रका सहकारी संघ संस्थाहरुका लागि अन्यन्त जरुरी सूचना**

यस कार्यालयको नियमन क्षेत्राधिकार भित्रका (कर्णाली प्रदेशभित्रको एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका) सहकारी संघ संस्थानहरुले मासिक रुपमा पठाउनुपर्ने विवरण कार्यालयबाट निर्धारित ढाँचामा प्रत्येक महिनाको ७ गते भित्र र साधारणसभा सम्पन्न भएपछि पठाउनुपर्ने विवरण सभा सम्पन्न भएको १५ दिनभित्र यस कार्यालयबाट अनिवार्य रुपमा पठाउनु हुन र हालसम्म यस कार्यालयको सम्पर्कमा नआएका सहकारी संस्थाहरु समेत सम्पर्कमा आई उक्त बमोजिमका विवरणहरु, अनिवार्य रुपमा पठाउनु हुन अन्यथा कानुनबमोजिम कारबाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

सम्पर्कका लागि : टेलिफोन नम्बर ०८३-५२१२३६, इमेल : raji.tarkarnali@gmail.com

**भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत

**स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसरसफाइ सम्वन्धी जनहितकारी सन्देश पढौं, सोचौं तथा व्यवहारमा अवलम्वन गरी असल नागरिकको परिचय दिऔं ।**

- स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔं, असल नागरिक बनौं
- खानेपानीको मुहान,स्रोत, धारा संरक्षण तथा सफा राखौं ,
- खुल्ला स्थानमा दिसा, पिसाव नगरौं ,
- फोहोरमैलाको उचित व्यवस्थापन गरौं ,
- घर,आँगन,उद्यान,बाटो लगायत सार्वजनिक स्थान सफा राखौं ।
- कोरोना भाइरस ( COVID - 19 ) बाट बचौं र बचाऔं
- मानिस – मानिस बीच कम्तिमा २ मिटरको दूरी कायम गरौं ,
- पटक पटक सावुन पानीले हात धोऔं ,
- कोभिड - १९ विरुद्धको खोप अनिवार्य लगाऔं ।

**कर्णाली प्रदेश सरकार**
**जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय**
कर्णालीप्रदेश, बीरेन्द्रनगर, सुर्खेत

## सहिद सप्ताह २०७८ ....

रूपमा यो पर्व मनाइएको थियो भने यस वर्ष राष्ट्रघाती एमसीसीविरुद्ध सडक सङ्घर्ष उत्कर्षमा पुगेकाले आन्दोलनकै बीचमा सहिद सप्ताह मनाइने भएको हो । गतवर्ष सहिद सप्ताहको अन्तिम दिन फागुन २१ गते तत्कालीन केपी वली सरकार र नेकपाबीच तीनबुँदे राजनीतिक सहमति भएको थियो । सहिदहरूका सपना पूरा गर्ने वाचा र प्रतिबद्धतासहित भएको उक्त तीनबुँदे सहमति सरकारले पूरा नगर्दा नेकपाका कयौँ नेता-कार्यकर्ता अझै जेलमा छन् भने नेकपाका नेता-कार्यकर्तामाथि लगाइएका झुट्ठा मुद्दा पनि सरकारले खारेज गरेको छैन । यस वर्षको सहिद सप्ताहका सन्दर्भमा पनि यी विषय उठ्ने बताइएको छ ।

नेपाल कम्युनिस्ट पार्टीले यस वर्षको सहिद सप्ताह फागुन (१४–२१ गते) विभिन्न कार्यक्रमसहित मनाइरहेको छ । नेकपाले सहिद सप्ताहका अवसरमा सबै जिल्ला र क्षेत्रहरूमा सहिद-बेपत्ता परिवार अभिनन्दन, सहिद बेपत्ता परिवार भेटघाट, सहिद पार्क निर्माण, सहिद सङ्ग्रहालय शिलान्यास, सहिदको सम्मानमा वक्तृत्वकला, गीत/कविता प्रतियोगिता, साहित्यिक-सांस्कृतिक, खेलकुदलगायत विभिन्न सिर्जनात्मक कार्यक्रम आयोजना गरिरहेको समाचार प्राप्त भएको छ ।

सहिद सप्ताहलाई नेपालको क्रान्तिकारी आन्दोलनमा भएका सहादतका विभिन्न कडीहरूलाई जोड्ने महत्वपूर्ण सन्दर्भका रूपमा लिने गरिएको छ । जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलले सहादत प्राप्त गरेको दिन फागुन १४ गते (२०५२) देखि तत्कालीन झापा विद्रोहका पाँच सहिद नेत्र घिमिरे, रामनाथ दाहाल, कृष्ण कुइँकेल, वीरेन राजवंशी, नारायण श्रेष्ठले सहादत प्राप्त गरेको दिन फागुन २१ गते (२०२९ साल) लगायत नेपालको वर्गसङ्घर्षमा बलिदान गर्ने सम्पूर्ण सहिदहरूको सम्मानमा हरेक वर्ष फागुन १४ देखि फागुन २१ गते सम्मको अवधिलाई सहिद सप्ताहका रूपमा मनाउने गरिन्छ । जनयुद्धले स्थापना गरेका जनताका महत्वपूर्ण पर्वहरू नेकपाले मनाउँदै आएको छ ।

## संसद् भवनअगाडि ....

गर्ने संसद्वादी दलका विरुद्ध जनआक्रोश बढेको समयमा संसद् भवनबाहिर 'नो एमसीसी' लेखेको कुकुर बम फेलापरेको थियो । एमसीसी पारित गरिएको विरोधमा आह्वान गरिएको नेपाल बन्दका क्रममा काठमाडौँलगायत देशैभर जनआक्रोश बढेको देखिएको छ ।

संसद्वादी दलले संसद्बाट आइतबार राष्ट्रघाती एमसीसी सम्झौता पारित गरेपछि ६ राजनीतिक दल सडक आन्दोलनमा छन् । आइतबार त्यहीँभित्रबाट काङ्ग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा, लोसपा र एमालेले कथित ध्वनिमतले राष्ट्रघाती एमसीसी पारित गरेका थिए ।

एमालेले एमसीसीविरुद्ध नभए अरू विषयमा नाराबाजी गरेर अन्य संसद्वादी दललाई एमसीसी पारित गर्न सजिलो बनाइदिएको थियो । केपी वली सरकारमा हुँदा उनले एमसीसी पारित गर्न ठूलो प्रयास गरेका थिए ।

## राष्ट्रघाती एमसीसी ....

सारा क्रान्तिकारी, देशभक्त, कम्युनिस्ट शक्तिहरूले गर्ने पनि बताएका छन् । उनले भनेका छन्, 'एमसीसी सम्झौता नेपाली जनतालाई स्वीकार्य छैन ।'

महासचिव विप्लवद्वारा जारी विज्ञप्तिमा भनिएको छ, '२०७८ फागुन १५ गते नेपालका संसद्वादी दलहरूले पारित गरेको राष्ट्रघाती एमसीसी सम्झौताका विरुद्ध हाम्रो जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीसहित ६ कम्युनिस्ट पार्टीले आज १६ गते नेपाल बन्दको आयोजना गर्‍यौँ । जानकारी दिने छोटो समय हुँदाहुँदै पनि देशभक्त नागरिकहरूले आफ्नो तत्परता एवम् सहमतिमा आफ्नो देशको स्वाधीनताको रक्षाका पक्षमा उभिँदै नेपाल बन्दलाई भव्य रूपले सफल बनाउनुभएको छ । ऐतिहासिक बन्दलाई सफल पार्ने आमनेपाली देशभक्त जनतालाई हाम्रो पार्टी विशेष धन्यवाद व्यक्त गर्न चाहन्छ । बन्दका क्रममा देशभरिबाट सयौँजना कमरेडहरू गिरफ्तार हुनुभएको छ । उहाँहरूको शीघ्र रिहाइको माग गर्दछ । साथै हिजोको विरोध प्रदर्शनमा गम्भीर घाइते हुनुभएकी युवा सङ्गठनकी महासचिव कमरेड विदुषी र आज बन्दमा देशभरि घाइते हुने योद्धा कमरेडहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।'

महासचिवको विज्ञप्तिमा भनिएको छ, 'एमसीसी सम्झौता नेपाली जनतालाई स्वीकार्य छैन । यसका विरुद्ध जनता निरन्तर सङ्घर्षमा बढ्नेछन् भने हाम्रोलगायत सारा क्रान्तिकारी, देशभक्त, कम्युनिस्ट शक्तिहरूले त्यसको अनवरत नेतृत्व प्रदान गर्नेछन् । राष्ट्रियताका पक्षमा चल्ने सबै सङ्घर्षमा आमनेपाली देशभक्त नागरिकहरूलाई सक्रिय सहयोग र सहभागिता जनाउन विशेष आग्रह गर्दछौँ ।'

## साम्राज्यवादी अमेरिकाकै ....

कञ्चनले भनेका छन्, 'युक्रेनमाथि आक्रमण गर्ने अवस्था सिर्जना गर्न अमेरिकी साम्राज्यवादको प्रमुख भूमिका रहेको तथ्य विश्वसामु प्रस्टै छ । संयुक्त राज्य अमेरिकाले सन १९९० को दशकमा रुसको आन्तरिक राजनीतिमा पैदा भएको कमजोरीको फाइदा उठाउँदै सोभियत सङ्घका तमाम गणराज्यहरू टुक्र्याउने काम मात्र गरेन, बाल्टिक गणराज्यहरूमा सैनिक ब्यारेक खडा गर्ने, रुसका विरुद्ध घेराबन्दी गर्ने, आर्थिक नाकाबन्दी गर्दै रुसी जनतालाई कमजोर बनाउने हर्कत गर्दै आयो । त्यति मात्र होइन, त्यस क्षेत्रका देशहरूमा अमेरिकाले सैनिक उपस्थिति र हतियारको निक्षेपीकरण गर्ने र त्यहाँका सरकार प्रमुखहरूलाई रुसका विरुद्ध उक्साउने काम पनि गर्दै आयो ।'

नेता कञ्चनले विज्ञप्तिमा भनेका छन्, 'स्वतन्त्र राष्ट्रहरूको आर्थिक एवम् राजनीतिक कमजोरीको दुरुपयोग गर्दै साम्राज्यवादी प्रभुत्व कायम गर्ने र जनताको स्वाधीनता र सार्वभौमिकतामाथि बलात् गर्ने कार्य अमेरिकी साम्राज्यवादले गर्दै आयो र अहिले पनि गरिरहेको छ जसको परिणाम अहिले रुस युक्रेनमाथि सैनिक कारवाही गर्न बाध्य भएको प्रस्टै छ ।'

नेकपा नेता ज्वनले जारी गरेको विज्ञप्तिको पूर्ण विवरण यसप्रकार रहेको छ :

युक्रेनमाथि रुसले विशेष सैन्य कारवाही गरेको छ । यसले विश्वको ध्यान आकर्षण गरेको छ ।

युक्रेनमाथि आक्रमण गर्ने अवस्था सिर्जना गर्न अमेरिकी साम्राज्यवादको प्रमुख भूमिका रहेको तथ्य विश्वसामु प्रस्टै छ । संयुक्त राज्य अमेरिकाले सन १९९० को दशकमा रुसको आन्तरिक राजनीतिमा पैदा भएको कमजोरीको फाइदा उठाउँदै सोभियत सङ्घका तमाम गणराज्यहरू टुक्र्याउने काम मात्र गरेन, बाल्टिक गणराज्यहरूमा सैनिक ब्यारेक खडा गर्ने, रुसका विरुद्ध घेराबन्दी गर्ने, आर्थिक नाकाबन्दी गर्दै रुसी जनतालाई कमजोर बनाउने हर्कत गर्दै आयो । त्यति मात्र होइन, त्यस क्षेत्रका देशहरूमा अमेरिकाले सैनिक उपस्थिति र हतियारको निक्षेपीकरण गर्ने र त्यहाँका सरकार प्रमुखहरूलाई रुसका विरुद्ध उक्साउने काम पनि गर्दै आयो । स्वतन्त्र राष्ट्रहरूको आर्थिक एवम् राजनीतिक कमजोरीको दुरुपयोग गर्दै साम्राज्यवादी प्रभुत्व कायम गर्ने र जनताको स्वाधीनता र सार्वभौमिकतामाथि बलात् गर्ने कार्य अमेरिकी साम्राज्यवादले गर्दै आयो र अहिले पनि गरिरहेको छ जसको परिणाम अहिले रुस युक्रेनमाथि सैनिक कारवाही गर्न बाध्य भएको प्रस्टै छ । त्यसमाथि रुसले पनि पूर्वसोभियत सङ्घका देशहरूमा समाजवादी भाइचारा, आपसी सद्भाव र सम्बन्ध बनाउनुको सट्टा साम्राज्यवादी बजारको विस्तार र पुँजीवादी मुनाफा जम्मा गर्ने नीति लागू गऱ्यो जसको परिणाम युक्रेनी जनतामाथि युद्ध थोपर्नुपर्ने स्थिति पैदा भयो । यसले साम्राज्यवाद भनेको युद्ध हो भन्ने लेनिनको वैज्ञानिक विश्लेषण पुनर्पुष्टि भएको छ ।

अमेरिकी साम्राज्यवादले एकातिर सोभियत सैन्य गठबन्धन विघटन गर्न बाध्य पाऱ्यो भने अर्कोतिर पूर्वसोभियत सङ्घमा भएका देशहरूलाई अमेरिकी सैन्य गठबन्धन नाटोको पुच्छर बनाउन विवश बनाउँदै आयो । यूएसएसआर (युनियन अफ द सोभियत सोसियलिस्ट रिपब्लिक) अथवा समाजवादी रुस हुँदा स्वेच्छापूर्वक महासङ्घमा एकसाथ रहेका राज्यहरू अहिले अमेरिकी साम्राज्यवादको युद्धनीतिकै कारण दुस्मनीपूर्ण द्वन्द्वमा फस्न पुगेका छन् । मानवजातिका लागि युद्ध हितकर नहुँदाहुँदै पनि त्यस क्षेत्रका जनताले युद्धको भुमरीमा फस्नु परेको छ ।

नेपाललाई पनि अमेरिकाले एमसीसीमार्फत अमेरिकी सैन्य गठबन्धन इन्डो प्यासिफिक रणनीति र क्वड्रिलियन एलायन्सको पुच्छर बनाउने प्रयत्न गरिरहेको छ । कुनै पनि साम्राज्यवादी मुलुकको सैन्य गठबन्धनमा सामेल हुनु आत्मघाती युद्धको भुमरीमा फस्नु हो । नेपालमा राष्ट्रघाती एमसीसी लागू गरियो भने पूर्वसोभियतबाट छुट्टिएर अमेरिकी सैन्य गठबन्धनको पुच्छर बन्न चाहने देशहरूको अवस्थामा दक्षिणएसिया नधकेलिएला भन्नै सकिँदैन ।

हाम्रो पार्टी अमेरिकी साम्राज्यवादले विभिन्न देशहरूमाथि थोपर्ने राजनीतिक, आर्थिक हस्तक्षेपको अन्त्य गरोस् भन्ने चाहन्छ । पूर्वीयुरोपका देशहरूबाट युद्धपोतसहितको सैनिक उपस्थिति तुरुन्त फिर्ता गरोस् भन्ने चाहन्छ । रुसले पनि युक्रेनलगायत बाल्टिक क्षेत्रको तनाव वार्ता र संवादबाट समाधान गरोस् भन्ने चाहन्छ र त्यस क्षेत्रका जनताको अधिकार उनीहरूको जनमत र जनचाहनाबाट निर्धारण गरोस् भन्ने चाहन्छ । हाम्रो पार्टी साम्राज्यवादी युद्धको विरोध गर्दछ र त्यस क्षेत्रका जनतालाई एकपटक इतिहासको स्मरण गर्दै लेनिन र स्टालिनले स्थापना र संरक्षण गरेको समाजवाद पुनर्स्थापना गर्नका लागि सङ्घर्ष गर्न अपिल गर्दछ ।

## राष्ट्रघाती एमसीसीविरुद्ध ....

राजनीतिक पार्टीहरू, सच्चा लोकतन्त्रवादीहरू, देशभक्त र आमनेपाली जनतामा विशेष आह्वान गरेका थिए ।

आन्दोलनकारी दलहरूले फागुन १५ र १६ गते काठमाडौँ उपत्यकामा माइतीघरमण्डलबाट विशाल विरोध प्रदर्शनसहित संसद् भवन घेराउ गर्ने र उपत्यकाबाहिर देशव्यापी रूपमा जिल्लाहरूमा विरोध प्रदर्शनसहित जिल्ला प्रशासन कार्यालय घेराउ गर्ने कार्यक्रम सार्वजनिक गरेका थिए । छ । दलहरूले फागुन ८ र १२ गतेको नयाँबानेश्वरको विरोध प्रदर्शन र संसद् भवन घेराउ कार्यक्रमबाट गिरफ्तार गरिएका नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य वसन्त बोगटी, नेपाल कम्युनिस्ट पार्टीका विज्ञान रोक्का, हेमन्तराज खड्का र सुदर्शन पाण्डे, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका प्रदेश सदस्य भूपाल सेन्चुरीलगायत दर्जनभन्दा बढी आन्दोलनकारीलाई देउवा सरकारले अहिलेसम्म पनि रिहा नगरी झुट्ठा मुद्दामा फसाउने षड्यन्त्र गरिराखेकाले षड्यन्त्र रोकी तत्काल रिहा गर्न माग गरेको छ । त्यसगरी १२ गतेको जनसङ्घर्षको कार्यक्रममा बानेश्वर अल्फाबिटानजिक गम्भीर घाइते भई अन्नपूर्ण न्युरो अस्पतालमा उपचारमा रहनुभएका अछाम जिल्लाका युवा हेमराज अवस्थीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उनको निःशुल्क उपचारका लागि सरकारसँग विशेष माग गरेका थिए ।

प्रधानमन्त्री शेरबहादुर देउवा पाँचदलीय गठबन्धन भत्काएर, सभामुख परिवर्तन गरेर, केपी वलीसँग नयाँ गठबन्धन बनाएर वा जस्तोसुकै मूल्य चुकाएर भए पनि राष्ट्रघाती एमसीसी संसद्बाट पारित गराएरै छोड्ने ढिटमा थिए । पुष्पकमल दाहाल, माधव नेपालहरू जनताबाट तिरस्कृत होइने भयले देउवा र भट्टराईजस्तो प्रस्ट खुल्न सकेका थिएनन् । केपी वली भने गठबन्धन फुटाउन वा सभामुख हटाउन सकिएमा जस्तोसुकै राष्ट्रघात गर्न पनि तयार भएर बसेका थिए । यो अवस्थामा देशभक्त तथा क्रान्तिकारी पार्टी, शक्ति र जनसमुदायको क्रियाशीलता र सङ्घर्षमा एमसीसी अड्किने वा फर्किने आकलन गर्न थालिएको थियो किनकि यसअघि क्रान्तिकारी पार्टी र जनसमुदायको जुझारु एकता र सङ्घर्षले एमसीसी पारित हुनबाट रोकिँदै आएको थियो तर प्रचण्ड, माधव नेपालसमेतले साम्राज्यवादसामु लम्पसार पर्ने निर्णय गरेपछि १५ गते राती संसद्बाट एमसीसी पारित गरेर छोडे ।

## संसद्वादी नेताहरु ....

स्वाधीनता र सार्वभौमिकता धरापमा पर्ने, यहाँको प्राकृतिक साधन-स्रोतमा अमेरिकी साम्राज्यवादको एकाधिकार कायम हुने भएकाले हामीले मञ्च स्थापना भएदेखि नै र एमसीसी सम्झौता पारित गर्ने योजनामा रहेको तत्कालीन केपी–प्रचण्डको सरकारकालमा नै विरोध गर्दै आउनेक्रममा मञ्चका संयोजक र सचिवलाई तत्कालीन सरकारले गिरफ्तार गरी लामो समय पुलिस हिरासतमा राखेको कुरा सर्वविदितै छ । पछिल्लो क्रममा, नेपालका क्रान्तिकारी कम्युनिस्ट पार्टी, देशभक्त सङ्घ/सङ्गठनहरूले संयुक्त भएर राष्ट्रघाती एमसीसी सम्झौताका विरुद्ध योजनाबद्ध आन्दोलन गरेका थिए । ती आन्दोलनहरूमा हाम्रो मञ्च सहभागी हुँदै आएको छ ।'

लोहनीले विज्ञप्तिमा भनेका छन्, 'संसदीय पार्टीहरूले भन्दै आएको संसदीय सर्वोच्चताको खिल्ली उडाउँदै उक्त सम्झौता पारित गर्नुले एकातिर संसदीय व्यवस्थामा जनताको सर्वोच्चता नरहेको पुष्टि हुनुका साथै अर्कोतिर यी पार्टीका मुख्य नेताहरू अमेरिकी साम्राज्यवादका दलाल हुन् भन्ने पुष्टि भएको छ । विश्वका शक्तिशाली राष्ट्रहरू तीव्र रूपमा ध्रुवीकृत भैरहेको र शीतयुद्धले चरम रूप लिएको अवस्थामा साम्राज्यवादको नाइके अमेरिकालाई अनुदानका नाममा भूराजनीतिक अवस्थितिलाई ध्यानमा राखेर नेपाली भूमिलाई सैन्य अखडा बनाउन दिनु सरासर सामरिक क्षेत्र बनाउन दिनु हो । हामी सम्पूर्ण नेपाली जनतालाई उक्त सम्झौता पारित भए पनि कार्यान्वयन हुन नदिनका लागि सङ्घर्षरत भैराख्न अनुरोध गर्दछौँ । साथै नेपालको राष्ट्रियता, जनजीविका र जनतन्त्रका पक्षमा हुने सबै आन्दोलन र सङ्घर्षमा मञ्च सदैव अग्रमोर्चामा रहिरहनेछ ।'

## एमसीसी पारित ....

बहानामा सम्झौता पारित गर्न सघाउ पुऱ्याउने कार्य गरी नेपाली जनता र राष्ट्रप्रति अन्तरघात गरेको छ । एमसीसी सम्झौता पारित गर्ने राष्ट्रघातका विरुद्ध अविराम र निर्णायक जनसङ्घर्ष सञ्चालन गर्नु सम्पूर्ण देशभक्त नेपाली जनताको अहम् कर्तव्य हुन पुगेको छ । विषयको यही गम्भीर्यलाई दृष्टिगत गरी हामी ६ कम्युनिस्ट पार्टी र २ वटा मोर्चाले आगामी चैत ६ गतेसम्मको जनसङ्घर्षका कार्यक्रमहरू घोषणा गरेका छौँ । सम्पूर्ण क्रान्तिकारी कम्युनिस्टहरू, सच्चा लोकतन्त्रवादीहरू, देशभक्त शक्तिहरू, राष्ट्रवादी व्यक्तित्वहरू र आमनेपाली जनसमुदायमा घोषित सङ्घर्षको कार्यक्रमलाई सशक्त रूपमा सफल पार्न व्यापक सहभागिताका निम्ति विनम्र अनुरोध गर्दछौँ ।'

संयुक्त प्रेस विज्ञप्ति जारी गर्नेहरूमा नेकपाका महासचिव विप्लव, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंह, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेपाल कम्युनिस्ट पार्टी माओवादी समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी, देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका संयोजक आहुती छन् ।

सङ्घर्षको कार्यक्रम यसप्रकार रहेको छ :

- फागुन २० गते काठमाडौँ उपत्यकामा विशाल विरोध प्रदर्शन र संयुक्त विरोधसभा
- फागुन २२ गते बुद्धिजीवीहरूको अन्तरक्रिया
- फागुन २४ गते ८ मार्च भव्य रूपमा मनाउन देशव्यापी विरोध प्रदर्शन र सभा
- फागुन २६ गते विद्यार्थीहरूको देशव्यापी क्याम्पस र विद्यालयहरूमा विरोध प्रदर्शन र सभा
- फागुन २८ गते युवकहरूको देशव्यापी विरोध प्रदर्शन र सभा
- फागुन ३० गते मजदुरहरूको देशव्यापी विरोध प्रदर्शन र सभा
- चैत २ गते किसानहरूको देशव्यापी विरोध प्रदर्शन र सभा
- चैत ४ गते श्रमिक/दलित समुदाय मोर्चाको देशव्यापी विरोध प्रदर्शन र सभा
- चैत ६ गते राष्ट्रिय मुक्ति (जातीय/क्षेत्रीय) मोर्चाहरूको देशव्यापी विरोध प्रदर्शन र सभा

# प्रहरीको लाठी प्रहारबाट महिलानेत्री राजकुमारी, युवानेत्री विदुषीलगायत कयौँ घाइते



राष्ट्रघाती एमसीसीविरुद्ध काठमाडौँको नयाँबानेश्वरमा आइतबार भएको प्रदर्शनमाथि प्रहरीले क्रूर दमन गर्दा नेकपाको जनवर्गीय संगठन अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी महासचिव राजकुमारी शाही, युवा सङ्गठन नेपालकी महासचिव सावित्री अधिकारी 'विदुषी', युवा सङ्गठनका केन्द्रीय सदस्य अविनाश गिरी, नेकपा धनुषाका सदस्य रमेश विश्वकर्मा, अखिल क्रान्तिकारी क्याम्पस जिल्ला सङ्गठनका सदस्य निशान बस्नेतलगायत कयौँ आन्दोलनकारी घाइते भएका छन् ।

प्रहरीले प्रदर्शनकारीमाथि अश्रुग्याँस र लाठी प्रहार गरेको छ भने देशभक्त तथा क्रान्तिकारी शक्ति र जनसमुदायले राष्ट्रघाती एमसीसी मुर्दावाद, राष्ट्रघाती दलालहरू मुर्दावादलगायत नारा लगाउँदै प्रहरीदमनको प्रतिरोध गरे । घाइतेलाई उपचारका लागि सिभिल लगायतविभिन्न अस्पतालमा लगिएको छ ।

राष्ट्रघाती एमसीसीविरुद्ध देशभर प्रदर्शन भएको छ । काठमाडौँ नयाँबानेश्वर क्षेत्रमा आइतबार १२ बजेदेखि नै लगातार प्रदर्शन र झडप भयो । प्रहरीले प्रदर्शनकारीमाथि अश्रुग्याँस, लाठी प्रहार गरी अत्यन्त क्रूरतापूर्वक दमन गरेको जानकारी घटनास्थलबाट रातो खबरकर्मीले दिए । पाँचदलीय गठबन्धन सरकारले एमसीसी पारित गराउने उद्देश्यले फागुन ८ गते सदनमा टेबुल गरेपछि देशभक्त र क्रान्तिकारी शक्तिले देशव्यापी आन्दोलन चर्काएका हुन् ।

पुष्पकमल दाहाल नेतृत्वको माओवादी केन्द्र र माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीले कथित व्याख्यात्मक घोषणा गर्ने बहानामा राष्ट्रघाती एमसीसी पारित गर्ने निर्णय गरेपछि सडकमा चर्को प्रदर्शन र नाराबाजी भएको थियो । १५ गते राती संसद्बाट राष्ट्रघाती एमसीसी पारित गर्नुअघि नेपाल कम्युनिस्ट पार्टीसहित ६ राजनीतिक दल र २ मोर्चाले विशाल प्रदर्शनसहित काठमाडौँमा संसद् भवन र देशैभर जिल्ला प्रशासन कार्यालय घेराउ गरेका थिए ।

पाँचदलीय गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले विद्यमान सत्ता गठबन्धन फुटाएर एमाले अध्यक्ष केपी वलीसँग एमसीसी पारित गर्न नयाँ गठबन्धन बनाउन लागेका थिए । त्यसपछि प्रचण्ड र माधव नेपाल चोरबाटो अर्थात् कथित व्याख्यात्मक टिप्पणी गरी एमसीसी पारित गर्न सहमत भएपछि क्रान्तिकारी शक्ति र देशभक्त जनताहरू मात्र होइन, माओवादी केन्द्र र एसका कार्यकर्ताहरू पनि पार्टी निर्णयका विरुद्ध सडकमा उत्रिन थालेका छन् । उनीहरूले माओवादी केन्द्र र एसले एमसीसी पारित गरेमा विद्रोह गर्ने चेतावनी पनि दिइरहेका छन् । एमसीसी पारित भएपछि माओवादी केन्द्र, एस, एमालेलगायत पार्टीहरूबाट देशभक्तहरूले विद्रोह गरी देशभक्त तथा क्रान्तिकारी शक्तिसँग ध्रुवीकरण हुने सम्भावना बढेको जानकारहरू बताउँछन् ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
पहाडी साना किसानका लागि अनुकूलन आयोजना
हात्तीसार काठमाडौँ

## जलवायु परिवर्तनसँग जुध्न हाम्रो प्रयास

जलवायु परिवर्तनको कारक हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका ज्यादै न्यून भए पनि यसको असर हाम्रो देशमा देखा परिसकेको छ । नेपालमा कृषि, जलस्रोत, जैविक विविधता तथा मानव स्वास्थ्य लगायतका क्षेत्रमा जलवायु परिवर्तनले प्रभाव पारेको छ र समयमै यसको असर न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकूलनका उपायहरु नअपनाए भविष्यमा भयावह परिस्थितिको सृजना हुन सक्ने सम्भावना छ ।

- जलवायु परिवर्तनसँग जुध्नका लागि निम्न प्रयास गरौँ ।
- जलवायु परिवर्तनको बारेमा सुसूचित हुने र आफूले जानेका कुरा परिवार, साथीसँगी र छिमेकीलाई जानकारी गराऔँ ।
- अनावश्यक ऊर्जाको खपत नगरौँ, जस्तैः LED Bulb को प्रयोग गर्ने, कोठामा कोही नहुँदा बत्तिहरू निभाउने ।
- सुधारिएको चुलो, बायोग्याँस (गोबर ग्याँस), सौर्य ऊर्जा जस्ता नविकरणीय ऊर्जाको प्रयोग गरौँ ।
- सकेसम्म विद्युतबाट चल्ने सवारी साधनको प्रयोग गर्ने र यसको पक्षमा आवाज उठाई विद्युतीय सवारी साधन प्रवर्द्धनमा सहयोग पुऱ्याऔँ ।
- छोटो दूरीका लागि हिँड्ने वा साइकल चढ्ने गरौँ ।
- वन जंगल संरक्षण र वृक्षारोपण गरौँ ।
- अर्गानिक खाना खाऔँ र खाना खेर नफालौँ ।
- सकेसम्म विद्युत्तिय कारोबार गर्ने र जथाभावि प्रिन्ट नगर्ने ।
- पानीको किफायति प्रयोग गरौँ, पानीलाई पुनः प्रयोग गर्ने, खेर नफाल्ने, वर्षातको पानीलाई जम्मा गरेर प्रयोग गर्ने गरौँ ।
- वातावरणमैत्री सामानको प्रयोग गर्ने । जस्तै कपडाको झोला, काठको पानी पिउने बोतल आदि ।
- पुनः प्रयोग गर्न सकिने सामानहरू जस्तै शिशाका बोतल, डब्बा, प्लास्टिकका वस्तु, अखबार, धातुका सामानलाई जथाभावी नफालौँ, यस्ता सामानलाई आफैँ पुनः प्रयोग गरौँ अथवा यी सामान सङ्कलन गर्ने मानिस वा संस्थालाई पुनः प्रयोग र पुनः प्रशोधनका लागि दिउँ ।
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौँ, जैविक फोहोरलाई कम्पोष्ट मल बनाऔँ ।
- आफ्नो छरछिमेक र गाउँघरमा भएका उपयुक्त परम्परागत ज्ञानलाई प्रवर्द्धन र प्रचार गरौँ ।

## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**पचाल झरना नगरपालिका**
**कालीकोट, कर्णाली प्रदेश**

## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**तिलगुफा नगरपालिका**
**कालीकोट, कर्णाली प्रदेश**

## गाउँपालिकाबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) गाउँपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा गाउँपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) गाउँपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**पलाँता गाउँपालिका**
**कालीकोट, कर्णाली प्रदेश**

## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**महालक्ष्मी नगरपालिका**
**जितपुर, धनकुटा, १ नं. प्रदेश**




## गाउँपालिकाबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) गाउँपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा गाउँपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) गाउँपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**हिमा गाउँपालिका**
**जुम्ला, कर्णाली प्रदेश**

## गाउँपालिकाबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) गाउँपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा गाउँपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) गाउँपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**चन्द्रनगर गाउँपालिकाको कार्यालय**
**सर्लाही, मधेश प्रदेश**

## नगरबासीमा अनुरोध


१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**पाखीबास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पाखीबास, धनकुटा, १ नं. प्रदेश**

## सहिद सप्ताह २०७८ को हार्दिक शुभकामना !

**सहिद सप्ताह नेपालको आमूल परिवर्तनका लागि २०५२ सालमा आरम्भ भएको महान् तथा ऐतिहासिक जनयुद्धले सिर्जना गरेको महान् पर्व हो । यो ऐतिहासिक पर्वका अवसरमा सहिदका सपना पूरा गर्ने प्रतिबद्धताका साथ सम्पूर्ण गाउँपालिकाबासीमा सहिद सप्ताह २०७८ को हार्दिक शुभकामना प्रकट गर्दछौँ ।**


कमानसिंह तामाङ, अध्यक्ष


कृशला घिसीङ, उपाध्यक्ष

**दोरम्बा शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामेछाप, बाग्मती प्रदेश**

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ